# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३२ | काठमाडौं | बुधबार, १७ भदौ २०८३ | Prabhab National Daily | Wednesday, 02 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


सिम्बुटारका बाढीपीडितको गुनासो

## सरकारले राहत बाँड्यो भन्छ, हामीकहाँ आइपुगेन

- बट्टारको ब्यारेकमा बस्ने गृहमन्त्रीको नजिकका सिम्बुटारका पीडितसम्म पुगेन राहत
- बाढीले घर बगाएपछि पीडित परिवार डेरामा बस्न बाध्य
- पीडित ऐँचोपैँचो र मागेर खाना खाँदै
- राहत ब्यारेकमा थुप्रिएको गुनासो
- समन्वय अभावले राहत वितरण प्रभावहीन



■ **जेबी योञ्जन**

**नुवाकोट–** सिम्बुटारमा वीरबहादुर तामाङको तीनतले घर थियो। अहिले पनि उनी त्यही ठाउँ पुग्छन्। तर, घर खोज्न होइन, आफ्नो घर भएको ठाउँ सम्झन।

त्रिशूली किनारको त्यो ठाउँमा अहिले घर छैन। ढोका छैन। भान्सा छैन। अन्नपात छैन। छ त बाढीले थुपारेको गेग्रान।

'अहिले त्यहाँ जाँदा यहाँ घर थियो भन्नेमात्रै छ,' वीरबहादुरले भने, 'गेग्रान थुप्रिएको छ। मान्छे र भैँसी जोगायौं, तर एक गेडो अन्न जोगिएन।'

बाढीले घर बगाएको सात दिन बितिसकेको छ। उनी घरभन्दा अलि माथि डेरा लिएर बसिरहेका छन्। डेराको भाडा कसरी तिर्ने भन्ने उनको चिन्ता छ। किनेर खाने पैसा छैन।

'सरकारले राहत बाँडेको भन्ने सुनेको छु,' उनले भने, 'तर, यहाँ हामीले सरकारबाट राहत पाएनौं। ऐँचोपैँचो गरेर खाँदै बसिरहेका छौं।'



दिनेश तामाङ



वीरबहादुर तामाङ

वीरबहादुरको पीडा सिम्बुटारको एउटा परिवारकोमात्र होइन। त्रिशूली र भोटेकोशीको बाढीले सबै बगाएपछि बेहाल भएका परिवारहरूको हो।

यद्यपि, वालेन्द्र सरकार राहत वितरण भइरहेको जनाउँछ। गृहमन्त्री सुधन गुरुङ यही १२ भदौदेखि बट्टारस्थित नेपाली सेनाको मैथिली ब्यारेकमा छन् र उनको शब्दमा राहत बाँडिरहेको छ। केही तस्बिरहरू पनि सार्वजनिक भएका छन्। तर, बाढीले सबैथोक गुमाएका वीरबहादुरको प्रश्न छ- हामीकहाँ सरकारले राहत कहिले पठाउँछ?

सरकारले राहत वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन भन्दै एकद्वार प्रणाली लागू गरेको छ। अर्थ मन्त्रालयले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमार्फत राहत संकलन र वितरणको व्यवस्थापन गर्ने घोषणा गरेको थियो। तर, सिम्बुटारकै दिनेश तामाङको अनुभव भने सरकारी दाबीभन्दा फरक छ।

त्रिशूलीको बाढीले घर बगाएको र अहिले तीन सदस्यीय परिवारसहित डेरामा बसेका उनले भने, 'यहाँ राहत लिएर सरकार आएको छैन। अलिक पर बट्टारमा गृहमन्त्री सुधन गुरुङ आउनुभएको सुनेको छु। उहाँ त्यहाँ आए पनि राहत यहाँ आएन।'

उनको स्वरमा आक्रोशभन्दा बढी निराशा छ। 'हाम्रो केही रहेन। लगाएको कपडाबाहेक केही छैन। अहिले घरको नामोनिशाना छैन,' उनले भने।

क्रमशः पृष्ठ २ मा

सरकारको प्रारम्भिक प्रतिवेदन

# भोटेकोशी बाढीबाट १२५३ घर पूर्णरूपमा क्षति, ६३१७ मा आंशिक

- नुवाकोटमा ६९२, रसुवामा ५५७ र धादिङका तीन घर पूर्णरुपमा क्षति
- बाढीले ४१ वटा पक्की पुल पूर्णरुपमा बगाएको छ भने थप चार वटा पुलमा क्षति
- बाढीका कारण रसुवागढी, रसुवा-भोटेकोशी, चिलिमे, लाङटाङ खोला, माथिल्लो त्रिशूली-२, माथिल्लो त्रिशूली-१, मैलुङ खोला, माथिल्लो त्रिशूली-३ ए, माथिल्लो त्रिशूली-३ बी, मध्य त्रिशूली गंगा नदी, त्रिशूली, देवीघाट र सुपर त्रिशूलीलगायतका जलविद्युत् आयोजनामा क्षति



तस्बिरः एपी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी पाँच जिल्लाका एक हजार २५३ घर पूर्णरूपमा क्षति भएको प्रारम्भिक प्रतिवेदन सरकारले सार्वजनिक गरेको छ। भदौ १० गतेको बाढीको प्रारम्भिक क्षतिको विवरण सार्वजनिक गर्दै भवन विकास तथा निर्माण विभागले सो जानकारी दिएको हो। सोही बाढीले छ हजार ३१७ घरमा आंशिक क्षति पुगेको विभागले जनाएको छ।

विभागले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा भोटेकोशी बाढीका कारण सबैभन्दा बढी क्षति नुवाकोटमा पुगेको देखिन्छ।

क्रमशः पृष्ठ २ मा

गृहमन्त्री सुधन गुरूङ भन्छन्

## हामीले सक्नेजति काम गरेकै छौं



राहत वितरणमा स्थानीय जनप्रतिनिधसँग समन्वय गरेका छौं। विदुर नगरपालिकाका मेयर हामीसँगै हुनुहुन्थ्यो। कति स्थानीय तहका जनप्रतिनिधि पीडामा पर्नुभएको छ। टनेलको उद्धार कार्य जारी छ। टनेलभित्र दलदलले गर्दा समस्या भएको छ। स्काभेटरसमेत दलदलमा फस्ने अवस्था भएकाले समस्या भएको हो। हामीले 'रेस्क्यु टिम'लाई ओपन राखेका छौं। भारतीय र चीनको टोलीले टनेलमा नेपाली सेनालाई सपोर्ट गरेको छ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## बाढीप्रभावितलाई लोकतान्त्रिक एसोसिएसनको १० लाख सहयोग



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले भोटेकोशी बाढीप्रभावितका लागि १० लाख ११ हजार १११ रूपैयाँ सहयोग गरेको छ। बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम सहयोग गरेको संघले जानकारी दिएको छ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था एसोसिएसनले उक्त रकम बराबरको चेक मंगलबार सानेपास्थित कांग्रेस केन्द्रीय कार्यालयमा पार्टीका उपसभापति विश्वप्रकाश शर्मालाई हस्तान्तरण गरेको हो। कांग्रेसको विपद् व्यवस्थापन कोषमा जम्मा गरिएको उक्त रकम पार्टीले एकमुष्ट रूपमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने जानकारी दिइएको छ।


अध्यक्ष रामप्रसाद गैरेको नेतृत्वमा सानेपा पुगेको टोलीमा एसोसिएसनका पदाधिकारीहरू र कार्यसमिति सदस्यहरू, सल्लाहकार, संस्थाका पूर्वअध्यक्ष, पूर्वपदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो। एसोसिएसनले विपद् र संकटको घडीमा पीडित नागरिकको साथमा उभिनु मानवीय संवेदनशीलता र सामाजिक उत्तरदायित्व भएकाले सहयोगको सानो प्रयासले गरेको जनाएको छ।

क्रमशः पृष्ठ २ मा

## मलेसिया रोजगारीको एकाधिकारविरूद्ध श्रीलंकाका व्यवसायीले पनि जनाए ऐक्यबद्धता

**नेपाल, बंगलादेश, म्यानमार र पाकिस्तानसँगै अब श्रीलंकाका वैदेशिक रोजगार व्यवसायीको छाता संगठन एक ठाउँमा उभिने**

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** मलेसिया रोजगारीमा लागू गर्न खोजिएको एकाधिकारविरुद्ध ऐक्यबद्धता जनाउने स्रोत मुलुकमा श्रीलंका पनि थपिएको छ। नेपालसहित बंगलादेश, म्यानमार र पाकिस्तानका वैदेशिक रोजगार व्यवसायीका छाता संगठन यसअघि नै एक ठाउँमा उभिइसकेकामा श्रीलंकाका व्यवसायी पनि यसमा जोडिएका हुन्।

मंगलबार पाँचवटै मुलुकका छाता संगठनले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै श्रमिक भर्ना प्रक्रियामा लागू भएको एकाधिकार र निजी नियन्त्रणविरुद्ध एक ठाउँमा उभिने प्रतिबद्धता जनाएका छन्। विज्ञप्तिमा नेपालबाट नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री, बंगलादेश एसोसिएसन अफ इन्टरनेसनल रिक्रुटिङ एजेन्सिजका तत्कालीन वरिष्ठ उपाध्यक्ष रियाज उल इस्लाम, म्यानमार ओभरसिज इम्प्लोइमेन्ट एजेन्सिज एसोसिएसनका म्यो थन्ट, पाकिस्तान ओभरसिज इम्प्लोइमेन्ट प्रोमोटर्स एसोसिएसनका सैयद रहमत अली साह र एसोसिएसन लाइसन्स फरेन इन्प्लोइमेन्ट एजेन्सिजका सचिव मोहमद फारुक मोहमद अरसकले हस्ताक्षर गरेका छन्।

संयुक्त विज्ञप्तिमा मलेसियाको 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्ल्युसिएमएस)मा अन्य इजाजतप्राप्त संस्थाहरूलाई प्रतिबन्ध लगाउँदै सीमित भर्ती एजेन्सीहरूलाइ

क्रमशः पृष्ठ २ मा


## 'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष**

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |

**प्रधानमन्त्री राहत कोष**

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

**पृष्ठ १ बाट क्रमशः**

## भोटेकोशी बाढीबाट...

नुवाकोटमा ६९२ घर पूर्णरूपमा क्षति हुँदा रसुवामा ५५७ र धादिङका तीन घर पूर्णरूपमा क्षति पुगेको उल्लेख गरिएको छ। विभागका महानिर्देशक रविन्द्र बोहोराले बाढीले पाँच जिल्लामा सात हजार ५७० घरमा क्षति पुगेको बताए। 'टिमुरेदेखि तल स्याफ्रुबेंसीसम्म पूरै बस्तीहरू क्षति भएको छ। बाढीले ४१ वटा पक्की पुल पूर्णरूपमा बगाएको छ भने थप चार वटा पुलमा क्षति पुगेको छ,' बोहोराले भने।

स्याटेलाइट म्यापिङअनुसार भोटेकोशी-त्रिशूली करिडोरको बाढी प्रभावित क्षेत्रमा चार हजार ६८९ वटा भवन जोखिममा परेका प्रतिवेदनमा उल्लेख छ। रसुवाको अतिप्रभावित गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकाका नागरिक छ दिनदेखि सडक, विद्युत् र सञ्चार सेवाबाट विच्छेद भई अलपत्र अवस्थामा छन्। रसुवाका सबै मुख्य राजमार्ग अनिश्चितकालका लागि बन्द छन्। उत्तरगया गाउँपालिका-५ खाल्टेस्थित त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडकखण्ड पूर्णरूपमा अवरुद्ध छ।

नुवाकोटको टोखा-छहरे सडकखण्डको घट्टेखोलामा सम्भावित बाढी र पहिरोको जोखिमका कारण राति १० बजेदेखि बिहान ५ बजेसम्म यातायात रोकिएको छ। बेलकोटगढी-१० स्थित पासाङल्हामु सडकखण्ड पनि पूर्णरूपमा अवरुद्ध छ।

यो बाढीका कारण रसुवागढी, रसुवा-भोटेकोशी, चिलिमे, लाङटाङ खोला, माथिल्लो त्रिशूली-२, माथिल्लो त्रिशूली-१, मैलुङ खोला, माथिल्लो त्रिशूली-३ ए, माथिल्लो त्रिशूली-३ बी, मध्य त्रिशूली गंगा नदी, त्रिशूली, देवीघाट र सुपर त्रिशूलीलगायतका जलविद्युत् आयोजनामा क्षति पुगेको छ। बाढी परी टिमुरे, स्याफ्रुबेंसी, मैलुङ र बन्दरेमा रहेका लाङटाङ राष्ट्रिय निकुञ्जका कार्यालय तथा भवन पूर्ण वा आंशिकरूपमा ध्वस्त भएका छन्। नुवाकोटस्थित कृषि विकास केन्द्र र टिमुरेस्थित प्लान्ट क्वारेन्टाइन कार्यालयमा पनि क्षति पुगेको छ।

■■■

## हामीले सक्नेजति...

हामीले सबै स्रोत साधन प्रयोग गरेका छौं। हामीले सक्ने काम गरेका छौं।

टनेलमा कति मानिस फसे भन्ने यकीन जानकारी छैन। 'सरभाइभल रेट' भनेको इच्छाशक्तिमा पनि भर पर्छ। उहाँहरूले इच्छा गर्नुभयो, चाहनुभयो भने बाँच्ने सम्भावना बढी हुन्छ। त्यहाँ पानीको सुविधा पनि हुन सक्छ। टनेलभित्र पानी लिकेज भएको हुन सक्छ। मेरो विचारमा पानी खाइरहनुभएको छ जस्तो लाग्छ। हाम्रो सुरक्षा संयन्त्रले अझै टनेलमा काम गरिरहेको छ। हेडबाट पनि खनेर दुलो बनाउन र रासनहरू पठाउन सकिन्छ कि भनेर काम भइरहेको छ।

यो बाढीको डयामेजको स्केल हेर्नु। ग्लोबल वार्मिङको असर नेपालले जहिले सामना गर्नुपर्छ। बाढीले पुर्‍याएको क्षति कल्पना पनि गर्न नसक्ने खालको छ। बाढी अहिलेसम्म पनि नदेखेको ठूलो छ। केही पनि बाँकी राखेको छैन।

बाढीको सूचना ९:१५ मा गएको छ। सबैतिर माइकिङ गर्न लगाएको छ। चार जना माइकिङ गर्ने प्रहरीहरू नै बगाए। शव निकाल्न धेरै गाह्रो भएको छ। पहिलोपटक होला धेरै हेली प्रयोग भएको विपद्को बेला। हामीले घाइतेलाई धेरै प्राथमिकता दिएका छौं। डाँडाकाडामा बसेका छन् भनेको सुनेको। हामीले रेकी गरेका छौं। एकदम स्लो गरेर हेरेका छौं।

*(गृहमन्त्री गुरुङले मंगलबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आयोजित पत्रकार सम्मेलनमा व्यक्त विचार)*

■■■

## सरकारले राहत...

बाढीपछि केही संस्थाले केही थान चाउचाउ र पानी ल्याएको उनी सम्झन्छन्। तर, सरकारी राहतको प्रतीक्षा अझै सकिएको छैन। 'भन्न त राहत दिएको छु भनेर गृहमन्त्रीले मिडियामा भनेको सुनेँ,' उनले भने, 'तर, हामीले पाएनौं। हामीलाई के खाउँ, कसरी बाँचौं भन्ने चिन्ता छ।'

बाढीले रसुवा र नुवाकोटमा पारेको क्षति अकल्पनीय छ। राहत र उद्धार दुवैमा सेना खटयो। तर, राहत वितरण प्रभावहीन भयो। यसपछि सरकारको आलोचना बढेको छ। नुवाकोटकै देवीघाटकी रोशनी श्रेष्ठ भन्छिन्, 'हाम्रो खानेकुरा केही पनि छैन। चिनेजानेकाकोमा गएर मागेर खाँदै छौं। सरकारले राहत दिएन,' उनले भनिन्।

उनकी आमा भने संयोगले बाढीबाट जोगिइन्। बाढी आउनुअघि नै त्रिशूली बजारतर्फ गएकी उनी त्यसपछि गल्छी हुँदै काठमाडौं पुगेकी छन्। बाढीपछि उनी अझै घर फर्किन सकेकी छैनन्। रोशनीले पनि गृहमन्त्री बट्टार आएको सुनेकी छन्। तर, उनको गाउँसम्म राहत नआएको गुनासो छ।

'स्थानीय सरकार र विभिन्न संघसंस्थालाई राहत नदिनू, हामी नै दिन्छौं भनेको रहेछ,' उनले भनिन्, 'तर, आएन अहिलेसम्म।'

उसो भए राहत कहाँ गयो ? यो प्रश्न उठेको छ। बागमती प्रदेशसभा सदस्य तथा कांग्रेसको नुवाकोट सभापति रमेश महत राहत सामग्री अभाव नभएको बताउँछन्। उनका अनुसार राहत सेनाको बट्टारस्थित ब्यारेकमा जम्मा गरेर विभिन्न संस्थामार्फत वितरण गर्ने व्यवस्था गरिएको छ, त्यसो हुँदा राहत वितरण प्रभावकारी भएन।

सरकारी विवरणअनुसार रसुवा र नुवाकोटका विभिन्न स्थानमा हजारौं प्रभावितलाई आश्रय र राहत वितरण भइरहेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार दुई जिल्लाका २६ स्थानमा राहत र आश्रय व्यवस्थापन भइरहेको जनाएका छन्।

तर, सिम्बुटारका दिनेश र वीरबहादुर तथा देवीघाटकी रोशनीजस्ता पीडितले राहत नपाएको भनिरहेका छन्। यसको अर्थ राहत छैन भन्नेमात्र होइन। राहत पुगेको भनिएको प्रणाली र वास्तविक पीडितबीच सम्पर्क टुटेको हुनसक्ने प्रश्न पनि हो।

राहत वितरणको विषयमा स्थानीय, प्रदेश र संघ सरकारबीच पनि असमझदारी देखिएको छ। बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले एकद्वार प्रणालीको नाममा प्रदेश र स्थानीय सरकारसँग पर्याप्त समन्वय नगरिएको गुनासो गरेका छन्। उनले सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग भेटेर तीन तहका सरकारबीच सहकार्यको आवश्यकता औंल्याएका थिए। तर, रास्वपाका नेता भूपदेव शाहले भने प्रदेश र स्थानीय सरकारले असहयोग गर्दा राहत वितरणमा समस्या भएको बताएका छन्।

यसरी संघले प्रदेश र स्थानीयलाई दोष दिने, प्रदेशले संघसँग समन्वय नभएको बताउने र राजनीतिक दलहरूले एकअर्कालाई असहयोगको आरोप लगाउने क्रम चलिरहँदा सिम्बुटारका पीडित भने राहतको पर्खाइमा छन्। कारण, बाढीको बहावसँगै घर बगे। पसल बगे। खेतबारी पुरिए। परिवारहरू विस्थापित भए। तर, बाढीको पानी घटेपछि अर्को संकट सुरु भएको छ- बाँच्ने संकट।

■■■

## बाढीप्रभावितलाई...

आफूहरूको सानो सहयोगले विपद्मा परेकाहरूको जीवनमा ठूलो आशा जगाउन सक्ने एसोसिएसनका अध्यक्ष गैरेले बताए। सहयोग अभियानमा साथ, सहयोग र ऐक्यबद्धता जनाउने व्यवसायीप्रति एसोसिएसनले आभार व्यक्त गरेको छ।

■■■

## मलेसिया रोजगारीको...

प्राथमिकता दिइँदा निष्पक्ष प्रतिस्पर्धा, पारदर्शिता र श्रमिकको अधिकार र हितमा गम्भीर असर पर्ने उल्लेख गरिएको छ। कुनै पनि निजी कम्पनीले श्रमिक भर्ना गर्ने अवसरमा नियन्त्रण गर्न नहुने संगठनहरूको माग छ। पाँच मुलुकका संगठनले छनोट भएका संस्थाहरू एफडब्ल्युसिएमएसमा पर्नुको कानुनी र संस्थागत आधार तत्काल स्पष्ट पार्न पनि माग गरेका छन्। विज्ञप्तिमार्फत मलेसियाको सरकार, नेपाल, बंगलादेश, म्यानमार, पाकिस्तान र श्रीलंकाको सरकार, सम्बन्धित मन्त्रालय, नियामक निकाय, कूटनीतिक मिसनका साथै सरोकारवाला मलेसियाका निकायहरूलाई यसको जवाफ दिन अनुरोध गरिएको छ।

संगठनहरूले श्रमिक पठाउने छनोटमा परेका इजाजतपत्र प्राप्त संस्थाको योग्यताको मापदण्ड, उनीहरू चयन भएको प्रक्रिया, ती संस्थाको कानुनी अधिकारको दायरा पनि प्रस्टयाउन माग गरेका छन्। सीमित व्यवसायीलाई प्राथमिकता दिइँदा श्रमिकको खुला र प्रतिस्पर्धात्मक भर्ती प्रणालीमा गम्भीर असर पुग्ने हुँदा यस्तो अधिकार दिन नहुने दाबी पाँच संगठनको छ।

मलेसियाले गत अगस्ट २२ देखि एफडब्ल्युसिएमएसमा सूचीकृत भएका नेपालका २५ व्यवसायीलेमात्र श्रमिक पठाउन पाउने नियम ल्याएको थियो। जसपश्चात् एकाधिकार भित्रिएको भन्दै व्यवसायीहरूले विरोध जनाइरहेका छन्। मलेसियामा श्रमिक पठाउने १५ स्रोत मुलुकमध्ये १० वटा मुलुकबाट मात्र म्यानपावरको सूची तयार गरिएको जनाइएको छ।

उक्त प्रणालीमा बंगलादेशका २५, म्यानमारका १०, पाकिस्तानका १० र श्रीलंकाका २५८ व्यवसायीलाई राखिएको छ। हाल बंगलादेशमा ३१२ व्यवसायीलाई एसोसिएट बनाएर काम गर्न दिने खबर आएको छ भने नेपालका सूचीकृत व्यवसायीहरू पनि २५० व्यवसायीको समूह बनाएर यही प्रणालीअन्तर्गत काम गर्ने वातावरण तयार गर्ने कसरतमा लागेको दाबी गरिएको छ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८१/१२/०६ मा दर्ता भएको **एस. सि. टि. एकेडेमी सोलुसन (प्रा.लि. नं. ३६३५८२)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### सेन्चुरी इनर्जी लिमिटेड
**का.म.न.पा.वडा नं.९, काठमाडौं**

**आ.व.२०८२/८३ को वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१७**

आदरणिय शेयरधनी महानुभावहरू,

यस **सेन्चुरी इनर्जी लिमिटेड**को सञ्चालक समितिको मिति २०८२/०५/१३ को बैठकको निर्णयानुसार यस कम्पनीको २०८२/०८३ को **साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरूलाई अनिवार्य उपस्थितिको जानकारीको लागि अनुरोध गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८३ साल आश्विन १० गते, शनिबार (तदनुसार २०२६/०९/२६)
स्थान : अनुपम फुडलैण्ड, बत्तीसपुतली, काठमाडौं
समय : बिहानको ८:३० बजे।

**छलफलका विषयहरू :**

**(क) साधारण प्रस्तावहरू :**
(१) सञ्चालक समितिको अध्यक्षज्यू बाट आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) आ.व.२०८२/०८३ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तसम्मको वित्तीय विवरण, सोही अवधिको वार्षिक विवरणसँग सम्बद्ध अनूसुची छलफल गरी पारित गर्ने बारे।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे।

**(ख) विशेष प्रस्तावहरू :**
(१) सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८२/०८३ मा भएको कम्पनीको मुनाफाबाट कम्पनीको हालको चुक्ता पुँजीको १०.५२६ (कर सहित) प्रतिशत नगद लाभांश वितरण गर्ने।
(२) कम्पनिको स्वामित्वमा रहेको मोटर साइकल बोलकबोलको प्रकिया पुरा गरि बिक्री गर्ने।

**(ग) विविध।**
(१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**सञ्चालक समितिको निर्णयानुसार**
**सञ्चालक अध्यक्ष र कम्पनी सचिव**


**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
साघारा शाखा, कमला नगरपालिका धनुषा
सम्पर्क फोन: +९७७ ९८०१९८२०७७


**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री गुलसन यादबको नाति, पुलकित यादबको छोरा, कपिलदेव यादब मधेश प्रदेश धनुषा जिल्ला ,कमला नगरपालिका वडा नं.३, लगमा मा बस्ने ६२ वर्षको कपिलदेव यादबको मिति २०८३/०२/२७ (ई.स २०२६/०६/१०) मा मृत्यु भएकोले स्व.श्री कपिलदेव यादबको छोरा अजय यादब मधेश प्रदेश धनुषा जिल्ला , वडा नं.३ ,लगमा मा बस्ने श्री अजय यादबले मृतकको एकल नाममा यस बैंकमा संञ्चालन रहेको खाताको निक्षेप भुतानी पाउँ भनि निवेदन दिनु भएको हुदाँ उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिने भित्र सबुत प्रमाण सहित यस बैंकको साघारा शाखा, कमला नगरपालिका धनुषामा दावी गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ। उल्लेखित म्याद भित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पुर्वक को निवेदन प्राप्त नभएमा कानुन बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागी यसै सुचना मार्फत जानकारी गराईन्छ।

29 YEARS OF DOING MORE...

### मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भ लि.को नामबाट ऋणी श्री बुद्ध डिमडुङको नाममा रहेको। निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८३।०४।३० गते का.जि. चन्द्रगिरी.न.पा. वडा.नं. १०, बेसिगाँऊ स्थित खाजा पसल अगाडी पार्किङबाट दिनको १६:४० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

प्रकार – Pulsar NS 200CC
बाईक नं. Ba Pr. 02-066 PA 6789
चेसिस नं. MD2A36FX2TCL86274
इन्जिन नं. JLXCTC86635
रङ – Red/Black
सम्पर्क – 9845442276/ 9806548878

## बाढीप्रभावित क्षेत्रमा सडक मर्मत जारी, तादीमा बेलिब्रिज राखिने

**काठमाडौं–** सरकारले बाढीका कारण क्षतिग्रस्त सडकको मर्मत सुरु गरेको जनाएको छ। सडक विभागका महानिर्देशक डा. विजय जैसीका अनुसार गल्छी-वेत्रावती-रसुवागढी सडक, पृथ्वी राजमार्गको गल्छी-मुग्लिङ खण्ड क्षति भएका थिए। जसमध्ये गल्छी-वेत्रावती-रसुवागढी सडकको ८२ किलोमिटरमध्ये बिदुर-वेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी खण्डको ५६ किलोमिटरमा क्षति भएको र त्यसमध्ये ४० किलोमिटर पूर्णरूपमा ध्वस्त भएको उनको भनाइ छ।

साथै पृथ्वी राजमार्गको कृष्णभीर, परेवाभीर क्षेत्रमा क्षति पुगेको थियो। बाढीका कारण ४८ वटा झोलुंगे पुलमा क्षति पुगेको थियो। जसमध्ये २० वटा निर्माण गर्न मिल्ने र २८ वटाको पुनर्निर्माण गर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ। हाल पृथ्वी राजमार्गको गल्छी, बैरेनी, जरीखेत, पोखरे, मुंगे, गलौदी खण्ड लेदो हटाई यातायात सञ्चालन भइसकेको छ।

सडक विभागका सिनियर डिभिजनल इन्जिनियर सुरेश पौडेलका अनुसार गल्छी-वेत्रावती सडकको गल्छी-देवीघाट खण्ड लेदो हटाई बेलिब्रिज निर्माणको क्रममा छ। तादी देविघाटमा बेलिब्रिज राख्ने तयारी तीव्र गतिमा भइरहेको उनको भनाइ छ। वेत्रावतीमा पनि हामीसँग उपलब्ध बेलिब्रिज राख्ने सम्भव देखिएको काम सुरु भएको छ। *रासस*


### कतारमा रोजगार

कम्पनी : BAHAR AL KHAIR DECORATION

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347376 | चलानी नं. ६०२६०५४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Roofing Worker | 3 | 0 | 2500 | १,०४,०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dry Cleaning Labor | 2 | 0 | 1200 | ४९,९६२ | | | | | | | |
| 3 | Office Cleaner | 5 | 0 | 1200 | ४९,९६२ | | | | | | | |
| 4 | Purchase Representative | 2 | 0 | 3000 | १,२४,९०४ | | | | | | | |
| 5 | Representative | 2 | 0 | 3000 | १,२४,९०४ | | | | | | | |
| 6 | Sales Executive | 3 | 0 | 3000 | १,२४,९०४ | | | | | | | |
| 7 | Supervisor (Cleaning) | 4 | 0 | 2500 | १,०४,०८६ | | | | | | | |
| 8 | Supervisor/General | 1 | 0 | 2500 | १,०४,०८६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


### रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**छहरा, पाल्पा**

## बोलपत्र रद्द तथा पुनः आव्हानको जरुरी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०५/१७**

यस रैनादेवी छहरा गाउँपालिका, छहरा, पाल्पाबाट मिति २०८३/०४/२७ गते Purchase, Supply and Delivery Of Medical Items Contract ID: RRM/PAL/G/NCB-01/2083-84 मालसामान खरिद कार्यको लागि विद्युतीय खरिद प्रणाली (e-GP System) बाट मात्र पेश गर्ने गरी बोलपत्र आव्हान गरिएकोमा, सार्वजनिक खरिद अनुगमन कार्यालय (एएःइ), केसरमहल, काठमाडौंको प.स.सू.प्र. ०८३/८४, च.नं. MIT/१८२, मिति २०८३०/०५/११ गतेको सूचना अनुसार हाल संचालनमा रहेको e-GP System मा सुरक्षा जोखिम उच्च रहेकोले प्रणालीमा मर्मतसम्भार र सुधार कार्य भइरहेको हुनाले अकी सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन प्राप्त भए अनूसार र बोलपत्र सम्बन्धी कागजातको ITB 38.1 सर्त बमोजिम उक्त बोलपत्र रद्द गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडी बढाउन पुनस् बोलपत्र आव्हान गरिन्छ।

**बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने सर्तहरूः**

१. इच्छुक योग्य बोलपत्रदाताहरूले तोकिएको बोलपत्र दस्तुर बापतको रकम, मिति २०८३/०६/०६ गतेसम्म तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर वा विद्युतीय प्रणाली https//:sutrarevenue.fcgo.gov.np बाट सिर्जित भौचर पेश गरी यस रैनादेवी छहरा गाउँकार्यपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात (Bid Document) प्राप्त गर्न सक्नेछन्।
२. बोलपत्रदाताले तोकिएको रकम र अवधिको बोलपत्र बैंक जमानत वा तोकिएको खातामा नगदै रकम जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थानः मिति २०८३/०६/१७ गते दिउँसो १२:०० बजेसम्म, रैनादेवी छहरा गाउँकार्यपालिकाको कार्यालय, छहरा, पाल्पा।
४. बोलपत्र खोलिने मिति, समय र स्थानः मिति २०८३/६/१७ गते दिउँसो १:०० बजे रैनादेवी छहरा गाउँकार्यपालिकाको कार्यालय, छहरा, पाल्पा।
५. यस सूचनामा उल्लेख भएको हकमा यसै सूचना तथा बोलपत्र सम्बन्धि कागजातमा (Bid Document) उल्लेख भएबमोजिम तथा अन्यको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।
६. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
७. थप जानकारीको लागि यस कार्यालयको वेबसाइट https://rainadevichhaharamun.gov.np/ बाट लिन सकिनेछ।
८. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोहिलगत्तैको कार्यालय खुल्ने दिन हुनेछ र खोलुवा सोहि दिनको भोलिपल्ट हुनेछ।

| बोलपत्र नं. | आयोजनाको नाम | बोलपत्र दस्तुर रकम (रू.) | बोलपत्र जमानत रकम (रू.) | बोलपत्र मान्य अवधि/बोलपत्र जमानत मान्य अवधि | धरौटी खाता सम्बन्धी विवरण | बोलपत्र दस्तुर बुझाउने बैंक विवरण |
|---|---|---|---|---|---|---|
| RRM/PAL/G/NCB-01/2083-84 | Purchase, Supply and Delivery of Medical Items | ३०००.०० | ८०,०००.०० | ९० दिन/१२० दिन | बैंक खाताः Rainadevi Chhahara ga.pa. GA3 Sthaniya Taha Dharauti Khata खाता नं.: 0600100000051201 बैंकको नामः Citizens Bank International Limited (Chhahara Branch) | बैंक खाताः Rainadevi Chhahara ga.pa ga-1.1 Antarik Rajaswa Khata खाता नं.: 0600100000011202 बैंकको नामः Citizens Bank International Limited (Chhahara Branch) राजश्व शिर्षक नं. :14229 (anya prasasanik sewa sulka) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रधानमन्त्री शाहले भने

# भोटेकोशी बाढीको मुख्य कारक जलवायु परिवर्तन

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले गत बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढी जलवायु परिवर्तनका कारण भएको बताएका छन् । मंगलबार सामाजिक सञ्जालमार्फत उनले उक्त धारणा सार्वजनिक गरेका हुन् ।

'जलवायु परिवर्तनले हिमालय क्षेत्रको तापक्रम १.८ डिग्रीसम्म वृद्धि भइसकेको पुष्टि भएकाले सोही कारण यो विपत्ति आएकामा शंका छैन । जलवायु परिवर्तन विश्वव्यापी योगदान हो र प्रतिकार्य पनि विश्वव्यापी जिम्मेवारी हो,' उनले भने ।

प्रधानमन्त्री शाहले यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको संकेत गरेको उल्लेख गरेका छन् । 'हामी सबैमाझ कसरी यो विपद् आइलाग्यो भन्ने जिज्ञाशा उठेको छ, विज्ञहरूसँग छलफल गर्दा रसुवाको भोटेकोशी नदीमा आएको बाढी हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति हो भन्ने आएको छ, त्यसैले यस क्षेत्र अझ सचेत हुनैपर्छ,' उनले भनेका छन्, 'हामीले जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्को विषयबारे अन्तर्राष्ट्रिय समुदायसमक्ष बलियो गरी प्रस्तुत हुनुपर्ने समय आएको छ । हिउँ चट्टान किन खस्यो ? यति धेरै पानी कसरी आयो ? भन्ने प्रश्नको जवाफ मानव सभ्यतालाई जवाफ दिनैपर्छ ।'

हिमनदीभित्र पग्लिएको पानीको कारणले गर्दा हिमनदीको पतनमा बरफ र पानी दुवै मिसिएको हुनसक्ने प्रधानमन्त्री शाहको भनाइ छ । 'विज्ञहरू भन्नुहुन्छ, भोटेकोशी नदीमा आएको बाढी, हिमनदीको एउटा सिंगै भाग ठूलो उचाइबाट खस्दा ठूलो ऊर्जासहित खसेको हुनसक्छ र खसेकै ठाउँमा पग्लिन सुरु गरी निरन्तर पग्लिँदै ठूलो बाढीको रूप लिएको हुनसक्छ । हिमालयको उचाइबाट नेपालतर्फको भूमि ओरालो लाग्दै गएकाले बाढीले थप लिँदै सो क्षेत्र क्षतविक्षत पारेको छ,' उनले भनेका छन् ।

उनले विनाशकारी बाढीपछि खोज, उद्धार र राहत वितरणबाट अगाडि बढ्दै पुनःस्थापनातर्फ अग्रसर भइरहेकोसमेत उल्लेख गरेका छन् । साथै प्रभावित क्षेत्रका नागरिकको जीवनरक्षा गर्दै उनीहरूको स्वास्थ्य बचाउन आवश्यक उपचार र मनोपरामर्श प्रदान गर्दै सरकार पुनःस्थापनातर्फ लागेको उनको भनाइ छ । उनका अनुसार बाढीप्रभावितलाई व्यवस्थितरूपमा राहत वितरण कार्य जारी छ । नुवाकोटका १९ वटा अस्थायी आश्रय स्थलमा दुई हजार ६५३ जनाले आश्रय तथा राहत प्राप्त गरेका छन् । रसुवाका प्रभावितहरूलाई पनि नुवाकोटमा आश्रय तथा राहत उपलब्ध गराइएको छ ।

प्रधानमन्त्री शाहले विपत्तिपछि अन्तर्राष्ट्रियस्तरबाट पनि सहयोग आउने क्रम जारी रहेको उल्लेख गरेका छन् ।

# बाढीप्रभावित क्षेत्रमा सम्भावित संक्रामक रोग फैलिन नदिन विशेष निगरानी

**काठमाडौं (प्रस)–** सरकारले रसुवा र नुवाकोटका बाढीप्रभावित क्षेत्रमा सम्भावित संक्रामक रोगहरू फैलिन नदिन विशेष निगरानी र प्रतिकार्यका गतिविधिलाई तीव्रता दिएको छ । स्वास्थ्य तथा स्वच्छता मन्त्रालयका सहसचिव हेमन्तचन्द्र ओझाका अनुसार मन्त्रालयको स्वास्थ्य संकटकाल तथा विपद् व्यवस्थापन एकाइ र स्वास्थ्य आपतकालीनकार्य सञ्चालन केन्द्रले प्रभावित क्षेत्रमा संक्रामक रोग नियन्त्रण तथा स्वास्थ्य प्रतिकार्यको नेतृत्व गरिरहेका छन् ।

'बाढीप्रभावित क्षेत्रमा संक्रामक रोगको प्रकोप रोकथामका लागि मन्त्रालयले विपद्पश्चात् सरुवा रोग निगरानी तथा प्रतिकार्य योजना स्वीकृत गरिसकेको छ, उक्त योजनालाई प्रभावकारीरूपमा लागू गर्न प्रदेश तथा जिल्ला तहका सम्बन्धित स्वास्थ्य अधिकारीलाई आवश्यक अभिमुखीकरणसमेत प्रदान गरिएको छ,' उनले भने । उनका अनुसार विपद्को दोस्रो दिनमै चिकित्सकको कमाण्डमा विशेष स्वास्थ्य टोली रसुवा र नुवाकोट जिल्लाहरूमा परिचालन गरिएको थियो ।

संक्रामक रोगको निगरानी र नियन्त्रणलाई प्रभावकारी बनाउन निगरानी प्रमुखको नेतृत्वमा 'फिल्ड इपिडेमोलोजी ट्रेनिङ प्रोग्राम' बाट प्रशिक्षित दुई जना जनशक्तिसहितको दुईवटा विशेष टोली रसुवा र नुवाकोटमा खटाइएको उनले बताए । यसका साथै, विश्व स्वास्थ्य संगठनको सहयोगमा थप दुई जना मेडिकल निगरानी अधिकारी परिचालन गरेको छ । साथै, युनिसेफसँगको सहकार्यमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी गतिविधिहरूको समीक्षा गरी आवश्यक रोकथामका कार्यहरू अघि बढाइएको उनको भनाइ छ ।

बाढीप्रभावित क्षेत्रहरूमा ज्वरो तथा झाडापखालाजन्य रोगहरूको नियमित र कडा अनुगमन गर्न 'निगरानी, प्रकोप प्रतिकार्य व्यवस्थापन तथा विश्लेषण प्रणाली-सोरमास' सञ्चालनमा ल्याइएको छ । यस्तै, र्‍यापिड रेस्पोन्स कमिटीको बैठक बसी परिस्थितिको निरन्तर आकलन भइसकेको उनले जानकारी दिए । स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयले प्रभावित क्षेत्रमा संक्रामक रोग नियन्त्रणका अतिरिक्त अन्य अत्यावश्यक स्वास्थ्य सेवाहरू जस्तैः १०२ वटा एम्बुलेन्सहरूको परिचालन, मानसिक स्वास्थ्य परामर्शका लागि ३० जना स्वास्थ्यकर्मीको टोली परिचालित भएको मन्त्रालयले जनाएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०६७/०९/०८ मा दर्ता भएको **प्रा. लि. नं. ७८७४१** को **नमुना हार्डवेयर एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना**

यस कार्यालयको मिति २०७८/०६/११ मा दर्ता भएको **प्रा. लि. नं. २७३४०६** को **ओएसिस भिजन ट्राभल्स एण्ड टुर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
मिर्चैया शाखा, मिर्चैया नगरपालिका, सिरहा
सम्पर्क फोन: +०३३-५५०८७१/७२/७३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री सितवा वातरको नातिनी, शिवलाल वातरको छोरी, मधेश प्रदेश सिरहा जिल्ला, मिर्चैया नगरपालिका वडा नं. ८ हाल मिर्चैया नगरपालिका वडा नं. ११ बस्ने ६८ वर्षकी श्रीमति मानो वातरको मिति २०८२/०९/०६ (ई.सं. २१/१२/२०२५) मा मृत्यु भएकोले स्व. मानो वातरको पति हाल मिर्चैया -११ बस्ने श्री राम पृत वातरले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मिर्चैया शाखा, मिर्चैया नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
तिनकौरीया शाखा, बिदेह नगरपालिका, धनुषा
सम्पर्क फोन: +९८०१९८२०४७

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री गेनाय यादवको नाति, बुलाकी यादवको छोरा, मधेश प्रदेश धनुषा जिल्ला, बिदेह न.पा. वडा नं. ७ बस्ने ७२ वर्षको श्री राज किशोर यादवको मिति २०८२/१२/२१ (ई.सं. ०४/०४/२०२६) मा मृत्यु भएकोले स्व. राज किशोर यादवको श्रीमती हाल बिदेह न.पा. वडा नं. ७ बस्ने श्रीमती चन्दर देवीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको तिनकौरीया शाखा, बिदेह नगरपालिका, धनुषा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

**युएइमा रोजगार** कम्पनी : KAWADER INTERNATIONAL FOR EMPLOYMENT SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347362 | चलानी नं. ६०२६०५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | 1500 | ६२,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 25 | 0 | 1500 | ६२,१०४ | | | | | | | |
| 3. | Ordinary Labour | 25 | 0 | 1000 | ४१,४०३ | | | | | | | |
| 4. | Tile Layer | 25 | 0 | 1500 | ६२,१०४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**साउदी/कुवेतमा रोजगार** कम्पनी : FATIMA ABDULLAH TURKI AL-HARTHI FAST FOOD ESTABLISHMENT शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 347409 | चलानी नं.६०२६०५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ६०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 3 | 0 | 1200 | ४८,३६० | | | | | | | |

कम्पनी : GLAM HOUSE LADIES BEAUTY SALON COMPANY शेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 347403 | चलानी नं.६०२६०५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | | 3 | 200 | ९८३६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Srijanahil Marg, Basundhara, Kathmandu, Nepal, Ramesh Khadka (9801006239), 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347251 | चलानी नं. ६०२६०५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 100 | 25 | 1000 | ४१४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | confectioner | 25 | 0 | 1500 | ६२१०४ | | | | | | | |
| 3. | Kitchen Helper | 25 | 0 | 1200 | ४९६८३ | | | | | | | |
| 4. | Male Waiters | 25 | 0 | 1500 | ६२१०४ | | | | | | | |

कम्पनी : MILLIENNIUM SUPERMARKET-LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347250 | चलानी नं. ६०२६०५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners General Helpers | 10 | 0 | 1000 | ४१४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen.butcher | 5 | 0 | 1500 | ६२१०४ | | | | | | | |
| 3. | Sales/salesman/ Salesgirl | 25 | 10 | 1500 | ६२१०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
श्रम इजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com

**युएइमा रोजगार** कम्पनी : SALESBURY LANDSCAPING
पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 337699 | चलानी नं. ६०२५१२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer | 10 | 0 | 1500 | ६२,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Male) | 5 | 0 | 1200 | ४९,६८३ | | | | | | | |
| 3. | General Farm Worker(Poultry) | 5 | 0 | 1200 | ४९,६८३ | | | | | | | |
| 4. | Horticulturist/supervisor | 5 | 0 | 1500 | ६२,१०४ | | | | | | | |
| 5. | Labourer/gardener | 10 | 0 | 1200 | ४९,६८३ | | | | | | | |

कम्पनी : SALESBURY LANDSCAPING L.LC
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 330329 | चलानी नं. ६०२४४१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker/ANIMAL FARM WORKER | 2 | 0 | 1200 | ४९,६८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason/Plaster Worker | 7 | 0 | 1500 | ६२,१०४ | | | | | | | |
| 3 | Cleaners (Male) | 3 | 0 | 1000 | ४१,४०३ | | | | | | | |
| 4 | Electrician | 5 | 0 | 1500 | ६२,१०४ | | | | | | | |
| 5 | Gardener | 6 | 0 | 1200 | ४९,६८३ | | | | | | | |
| 6 | Horticulture | 2 | 0 | 1500 | ६२,१०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Umakanta Bhatta (Bishnu) : 9803179587
Email : info@nileintlmanpower.com, Website: www.nileintlmanpower.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

**साउदीमा रोजगार** कम्पनी : MAJID ABDULAZIZ BIN AKRESH CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 338043 | चलानी नं. ६०२५१५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & facilities Cleaning Worker | 2 | 0 | 1000 | ४०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**मलेसियामा रोजगार** कम्पनी : CONCEPT CARE EVENT MANAGEMENT SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 340290 | चलानी नं. ६०२५५१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 12 | 0 | 1700 | ६३९७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083

**कतारमा रोजगार** कम्पनी : AL-SAYED CLEANING, MAINTENANCE AND SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 342537 | चलानी नं. ६०२५५८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning/Washing Worker | 37 | 0 | 1000 | ४१६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

**कुवेतमा रोजगार** कम्पनी : WAVE SWEETS CONFECTIONERY COMPANY शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०५/१६ | चलानी नं.: ६०२६०५४९ | LT. No.: 347408

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweet Maker | 0 | 6 | स. काममा दक्ष | 140 | ६९,२६७ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २४ गते (9 Sept. 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना १७ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय उर्लावारीबाट तपशिलमा उल्लेखित ऋणीले सरल व्यवसायिक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **मानव ज्वेलर्स** प्रोप्राइटरको नाम : लोक बहादुर भट्टराई प्रा.फ.र.नं. : ४५३२/२०७२/०७३
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी दर्ता मिति : २०७२/११/२७
स्थायी लेखा नं. : ६१२२५६३२१ फर्मको ठेगाना : सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सेर बहादुर भट्टराईको नाति ज्ञान बहादुर भट्टराईको छोरा ताप्लेजुङ्ग जिल्ला आम्वेगुदिन वडा न ७ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९ बस्ने **लोक बहादुर भट्टराई** (ना.प्र.नं. : ०१ २४०/५६४४ जारी मिति र जिल्ला : २०४५/०३/०४, ताप्लेजुङ्ग)

२) बलराम आचार्यको छोरी ज्ञान बहादुर भट्टराईको बुहारी लोक बहादुर भट्टराइको पत्नी झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ८ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९ बस्ने **शोभा भट्टराई** (ना.प्र.नं. : ०४१०३१/२४४ जारी मिति र जिल्ला : २०६४/०९/२४, झापा)

३) ज्ञान बहादुर भट्टराईको नातिनी लोक बहादुर भट्टराईको छोरी झापा जिल्ला कनकाई न.पा वडा न ४ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९ बस्ने **अनिशा भट्टराई** (ना.प्र.नं. : ०४-१३-७५-०००९० जारी मिति र जिल्ला : २०७५/०९/२२, झापा)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८२ साल जेठ महिना ९ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८३ साल असार महिना २ गतेको उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| लोक बहादुर भट्टराई | मोरङ्ग जिल्ला वयरबन वडा नं. ८ | ८ज | १७४६ | ४९५.२६ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल भदौ महिना ३१ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय उर्लावारी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असोज महिना १ गते बिहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय उर्लावारीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सुरूङमा फसेकाको उद्धारमा चरम ढिलासुस्ती

रसुवाको भोटेकोशी नदीमा विनाशकारी बाढी आएको हप्ता दिन बितिसक्यो । तर सरकारले एक दर्जन जलविद्युत् आयोजनाको सुरुङमा फसेकाहरूको आजसम्म उद्धार गर्न सकेको छैन । बाढीका कारण सुरुङभित्र श्रमिक तथा प्राविधिकहरू थुनिएका थिए । सुरुङभित्र पस्न त्यहाँको 'ब्लुप्रिन्ट' बुझेका प्राविधिक चाहिन्छ । तर सरकारले सेनाबाहेक अरूलाई सुरुङ पस्न नदिने नीति लियो । जसका कारण एक हजारभन्दा बढी फसेका भनिएका १२ वटा सुरुङको मुख खोल्न सरकारले सकेको छैन ।

सेनाले सुरुङको 'इन्ट्री प्वाइन्ट' र 'इक्जिट प्वाइन्ट' नै भेट्न नसकेपछि छैटौं दिनमा आएर सम्बन्धित कम्पनीका प्राविधिकहरूलाई पनि प्रवेश दिने भएको छ । रसुवा र नुवाकोट क्षेत्रका त्रिशूली थ्री–बी, चिलिमे, लाङटाङलगायतका जलविद्युत् आयोजनामा भीषण बाढी र पहिरोपछि सुरुङभित्र फसेका तथा सम्पर्कविहीन भएका मजदुरहरूको उद्धारमा राज्यले देखाएको यो तरिका लज्जास्पद छ ।

सुरुङभित्र ठुलो मात्रामा बाढी पसेको छ । इन्ट्री प्वाइन्ट ठूला ढुंगाले पुरिएको छ । जसलाई हटाउन पर्याप्त उपकरण न सेनासँग छ न त प्रहरीसँग नै । जसका कारण हप्ता दिन अलमलमै बित्यो । सरकारले विज्ञको सहयोग त लिएन नै आफ्नै प्रहरीको पनि सहयोग लिएन । यस्तो बेला अन्तर र्राष्ट्रिय टोली, निजी क्षेत्रका दक्ष प्राविधिक, जलविद्युत् प्रवर्द्धक कम्पनीहरू र विशेषज्ञ संघ–संस्थाहरूको सहयोग तत्काल लिनु अनिवार्य हुन्थ्यो । तर, सरकारले सुरुआती समयमा आफैं तगडा सम्झेर कसैलाई अघि बढ्न दिएन ।

सहयोग लिन र प्राविधिक अनुमति दिन ढिलाइ गर्दा त्यसको प्रत्यक्ष असर सुरुङभित्र फसेका नागरिकहरूको जीवन रक्षामा परेको छ । यस प्रकारको ढिलासुस्तीले केवल भौतिक आयोजनाको क्षतिमात्र बढाउँदैन, नागरिकको राज्यप्रतिको भरोसा र विश्वासलाई नै ध्वस्त पार्दछ । विकास निर्माणका ठूला पूर्वाधारहरू बनाउँदै गर्दा सुरक्षा रणनीति र सम्भावित जोखिमको पूर्वतयारी शून्यप्रायः रहनु हाम्रो पूर्वाधार विकासको अर्को गम्भीर भूल हो । देशका नदीनालामा ऊर्जा उत्पादनका लागि पसिना बगाउने मजदुरहरूका लागि सुरक्षित कार्य वातावरण र संकटमा तत्काल उद्धार हुने सुनिश्चितता दिनु राज्य तथा सम्बन्धित प्रवर्द्धक कम्पनीको प्राथमिक दायित्व हो ।

अविलम्ब राज्यले सम्पूर्ण शक्ति, उपलब्ध आधुनिक उपकरण र अन्तर्राष्ट्रिय विशेषज्ञतासमेतलाई परिचालन गरी सुरुङभित्र फसेकाहरूको उद्धारलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । यस घटनाबाट पाठ सिक्दै आगामी दिनमा जटिल सुरुङ उद्धारका लागि आवश्यक प्रविधि र जनशक्ति तयार राख्ने, विपद्को समयमा प्रशासनिक ढिलासुस्ती पन्छाएर तत्काल निर्णय लिने संयन्त्रको निर्माण गर्नु अत्यावश्यक छ । नागरिकको अमूल्य जीवन जोगाउन राज्यले अब एक पल पनि ढिलाइ नगरी ठोस र द्रुत कदम चालोस् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# 'क्षति मूल्यांकनसँगै सुरक्षित स्थानमा बस्ती स्थानान्तरणको तयारी हुँदै छ'

यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायतका जिल्लामा ठूलो क्षति पुर्‍याएको छ । अकल्पनीयरूपमा आएको उक्त बाढीले ठूलो जनधनको क्षति गरेपछि नेपालको विपद् पूर्वतयारी र पूर्वसूचना प्रणालीमाथिसमेत प्रश्न उठेको छ । भोटेकोशीको यस घटनाले सीमापार पूर्वसूचना तथा सूचना आदानप्रदान प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने, साथै तत्काल खोज तथा उद्धार, राहत र दीर्घकालीन पुनःस्थापनाका लागि विद्यमान विपद् व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखाएको छ । प्रस्तुत छ, यसै विषयमा केन्द्रित रहेर राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख **डा. धर्मराज उप्रेती**सँग *रासस*कर्मी **प्रगति ढकाल**ले गरेको कुराकानीः



**डा. धर्मराज उप्रेती**
**कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति गरेको छ । प्रारम्भिक अध्ययनले हिमपहिरो, चट्टान तथा गेग्रान खस्नु र त्यसबाट नदी थुनिएर बनेको अस्थायी बाँध फुट्दा बाढी आएको देखाएको छ । यो घटनामा जलवायु परिवर्तनको भूमिका कत्तिको छ र भोटेकोशी बाढीको वास्तविक कारण के देखिन्छ ?**

अहिलेसम्मका विभिन्न तथ्य-तथ्यांक हेर्दा हिमपहिरो गएको देखिन्छ । चट्टानसहितको हिमपहिरो, पहाडमा हिउँ जम्ने र त्यो हिउँ एकदमै कडा भएर बसेको हुन्छ । त्यसरी जमेको हिउँ कमजोर भएपछि तापक्रम बढ्दा, पानी पर्दा वा अन्य कुनै कारणले त्यो खस्न सक्छ । वातावरणीय परिवर्तन वा जलवायु परिवर्तनका कारण पनि त्यसमा केही परिवर्तन भएको हुन सक्छ । हिमपहिरो खसेसँगै त्यहाँ बन्न पुगेको बाँध फुटेपछि एकपछि अर्को घटना जोडिँदै गएको देखिन्छ । यसलाई हामीले एक प्रकारको अन्तरनिर्भर घटनाक्रमका रूपमा हेर्न सक्छौं ।

अर्को कुरा के छ भने अहिले एल निनो वर्ष पनि हो । एसियाका लागि एल निनो वर्ष भनेको औसतभन्दा बढी तापक्रम हुने वर्ष हो । अहिले धेरै ठाउँमा औसतभन्दा बढी तापक्रम छ । लामो समयको औसत अर्थात् ३० वर्ष वा त्यसभन्दा बढी अवधिको औसतसँग तुलना गर्दा यसवर्ष औसतभन्दा बढी तापक्रम हुने भनेर एसियाका विभिन्न मौसमसम्बन्धी निकायले यसअघि नै बताइसकेका थिए । त्यही अवस्थामा पाकिस्तानमा पनि यस्तै खालको हिमपहिरो गएको थियो । पाँच जना नेपाली पर्वतारोहीको त्यहाँ मृत्यु भयो । भारतका कतिपय ठाउँमा पनि यसै वर्ष हिमपहिरो गएको छ । नेपालमा पनि यस वर्ष उत्तरी क्षेत्रमा यस्तै घटना भयो । ताल फुट्यो र त्यसबाट ठूलो विपत्ति निम्तियो ।

**अहिलेको क्षतिको प्रारम्भिक अनुमान कति छ ? कति मानिस प्रभावित भएका छन् ?**

हालसम्मको मानवीय क्षति ठूलो छ । करिब ९०० भन्दा बढी शव फेला परेको तथ्यांक छ । करिब ५० हजार जनसंख्या प्रभावित भएको देखिन्छ । करिब सात हजार ५०० घरधुरीलाई परिवारको औसत संख्याले गुणा गर्दा यो प्रारम्भिक अनुमान आएको हो । तर यो अन्तिम तथ्यांक होइन । अहिले प्राविधिक टोलीले विस्तृत मूल्यांकन गरिरहेको छ । उहाँहरूले कति घरमा क्षति भयो, भौतिक संरचनामा कति क्षति भयो, कृषिभूमि कति क्षति भयो भन्ने क्षेत्रगत क्षतिको विवरण निकाल्दै हुनुहुन्छ । सरकारी, गैरसरकारी र निजी क्षेत्रका संरचनामा भएको क्षतिको पनि छुट्टाछुट्टै मूल्यांकन भइरहेको छ । दुई-तीन दिनमा प्रारम्भिकरूपमा कति आर्थिक हानि-नोक्सानी भयो भन्ने अनुमान निकाल्ने योजना छ । त्यसले विपद्पछिको आवश्यकता मूल्यांकनको बाटो र दायरा पनि स्पष्ट गर्छ ।

**अब खोज तथा उद्धारसँगै पुनःस्थापनाको काम पनि चुनौतीपूर्ण देखिन्छ । आफन्त, घर र सम्पत्ति गुमाएका मानिसहरूको मानसिक तथा शारीरिक अवस्थालाई हेर्दा यति ठूलो संख्यामा पुनःस्थापना कसरी सम्भव हुन्छ ? सरकारको योजना के छ ?**

पुनःस्थापनालाई अहिले हामीले तीनवटा तरिकाले हेरेका छौं । खोज तथा उद्धारको काम सकिँदै जाँदा राहतको काम पनि सँगसँगै चलिरहेको छ । त्यसलगत्तै अस्थायी टहरा बनाउने, टेन्टमा राख्ने र शिविर व्यवस्थापन गर्ने काम सुरु भइसकेको छ । अबको तीन महिनासम्मका लागि पनि योजना बनाउनुपर्छ । त्यसपछि हिउँदको अवधि आउँछ । हिउँदमा जोखिम नहोस् भनेर चिसोमा प्रयोग गर्न मिल्ने टेन्टको व्यवस्था गर्नुपर्ने हुन्छ । बाहिरको चिसो भित्र नछिर्ने किसिमका टेन्ट दातृ निकायको सहयोगमा ल्याउने योजना बनाइरहेका छौं । अब पुनःस्थापनाका लागि बस्ती कहाँ स्थानान्तरण गर्ने ? अहिलेको अस्थायी शिविर कहाँ बनाउने ? स्थायीरूपमा बसोबासका लागि सुरक्षित ठाउँ कहाँ हुन्छ ? भन्ने विषयमा धेरै काम गर्न बाँकी छ । त्यो क्षेत्र सबै प्रभावित भएको हुनाले त्यही ठाउँमामात्रै बस्ती राख्नेभन्दा सुरक्षित ठाउँमा कसरी राख्ने भन्ने हेर्नुपर्छ । खोलामा थुप्रिएको गेग्रान कसरी हटाउने भन्ने पनि हेर्नुपर्छ ।

भविष्यमा बाढी आउँदा बस्तीमा नपसोस् भनेर ठूलो तटबन्ध बनाउनुपर्ने अवस्था पनि आउन सक्छ । हिमालय क्षेत्रबाट आउने बाढीले यति ठूलो रूप लिन सक्छ भन्ने कुरा ध्यानमा राखेर संरचना निर्माण गर्नुपर्ने हुन्छ । अहिलेको बाढीले छोएको क्षेत्रलाई नदीको प्राकृतिक क्षेत्रका रूपमा हेरेर पनि योजना बनाउनुपर्ने हुन सक्छ । त्यससँगै पर्यटकीय गन्तव्यको मूल्यलाई पनि जोगाउनुपर्छ । त्यहाँको सांस्कृतिक सम्पदा र सांस्कृतिक महत्त्वलाई पनि जीवित राख्दै पुनर्निर्माणको योजना बनाउनुपर्ने भएकाले अन्य पुनर्निर्माणभन्दा यसलाई विशेष रूपमा हेर्नुपर्ने हुन्छ । यस विषयमा छलफल जारी छ । आजै कुनै कुरा अन्तिम भइसकेको छैन । आगामी दिनमा थप जानकारी दिनेछौं ।

**समयमै उद्धार हुन नसकेको र स्थानीय तहसँग संघीय सरकारले अपेक्षितरूपमा समन्वय गर्न नसकेको गुनासो प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूले गरिरहेका छन् । संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय कहाँ कमजोर भयो ?**

बाढी गएको दुई घण्टामै प्रधानमन्त्रीको अध्यक्षतामा विपद् परिषद्को बैठक बस्यौं । बैठक बसेको एक घण्टाभित्र हामीले दुई करोड ५० लाख रूपैयाँ पठायौं- रसुवामा एक करोड, नुवाकोटमा एक करोड र धादिङमा ५० लाख रूपैयाँ । त्यो रकम जिल्ला विपद् व्यवस्थापन समितिमार्फत गाउँपालिकासम्म जानेगरी पठाइएको हो । त्यसले तत्काल काम सञ्चालन गर्न सहयोग गर्छ भन्ने उद्देश्य थियो । रकम गएपछि गाउँपालिकाले आफैं सामग्री खरिद गरेर वितरण गर्न सक्छ र त्यसको शोधभर्ना जिल्ला विपद् व्यवस्थापन समितिमार्फत प्राधिकरणसम्म आउने व्यवस्था छ ।

विपद् ऐन, २०७४ ले सबैको भूमिका स्पष्ट गरेको छ । नेपालको संविधानले पनि स्थानीय सरकारको भूमिकालाई स्पष्टरूपमा व्याख्या गरेको छ । त्यसैले सहजीकरण र समन्वयमा संघीय सरकारले प्रदेश र स्थानीय सरकारसँग तथा स्थानीय सरकारले पनि आवश्यकतानुसार संघीय सरकारसँग समन्वय गर्नुपर्छ । तीनै तहको भूमिका संविधान र कानुनले स्पष्ट गरेको छ । त्यसैले कसले कससँग समन्वय गर्‍यो वा गरेनभन्दा पनि विपत्तिको समयमा कसरी समन्वय गरेर अगाडि बढ्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । कति सक्रिय र अग्रसर हुने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । त्यही दिन राति गृहमन्त्रीको नेतृत्वमा विमानस्थलबाट आठ ट्रक राहत सामग्री नुवाकोट पठायौं । हवाई उद्धार रातिमा सम्भव नहुने भएकाले त्यही दिन राति नै सामग्री पठाएका हौं ।

त्यसपछि वितरणको प्रक्रिया पनि सुरु भयो । अहिले रसुवासम्म, धुन्चेसम्म सडक खुलिसकेको छ र वैकल्पिक बाटो पनि खुलेको छ । त्यहाँबाट पनि राहत सामग्री पठाइरहेका छौं । हेलिकप्टरहरू पनि व्यवस्थापनका लागि परिचालन भइरहेका छन् । जहाँ पहाडी क्षेत्रमा राहत सामग्री पुग्न कठिन भएको छ, त्यहाँ सेनाले खाद्यसामग्री पठाएको छ । स्थानीय सरकारले पनि धेरै ठाउँमा खाना खुवाइरहेको जानकारी आएको छ । अन्तर्राष्ट्रिय संघसंस्था र गैरसरकारी संस्थाले पनि विभिन्न ठाउँमा खाना खुवाउने, शिविर व्यवस्थापनमा सहयोग गर्ने र स्वास्थ्य सेवामा सहयोग गर्ने काम गरिरहेका छन् ।

यति ठूलो विपत्तिमा सुरुमा केही अन्योल हुनु स्वाभाविक हो तर हामीले चौबीसै घण्टा काम गरिरहेका छौं । छ दिनदेखि लगातार काम भइरहेको छ । कर्मचारीहरू राति करिब १२ बजे घर जाने र बिहान ६ बजे नै कार्यालय आइपुग्ने अवस्था छ । यही स्तरमा सबै तहले काम गर्ने हो भने हामी यो विपत्तिबाट पार पाउन सक्छौं । अहिले कसले समन्वय गर्‍यो वा गरेन भन्दा पनि कसरी समन्वय गर्ने भन्ने विषयमा समाधानमुखी भएर अघि बढ्नु नै विपद् व्यवस्थापनको सही सिद्धान्त हो ।

**पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकेको भए यसबाट भएको मानवीय क्षति केही हदसम्म कम गर्न सकिन्थ्यो कि ? विपद् व्यवस्थापनमा हाम्रो तयारी र पूर्वसूचना प्रणाली कहाँ चुकेको हो ?**

हामीसँग पूर्वसूचनाका लागि आवश्यक अग्रिम समय अर्थात् पूर्वसूचना दिएर मानिसलाई सुरक्षित ठाउँमा जान सक्ने समय हुनुपर्ने हो । तर माथिल्लोतटीय क्षेत्रमा, हाम्रो उत्तरी सीमामा रहेको भन्सार कार्यालयलगायत त्यहाँका संरचनाबाट मानिसलाई सुरक्षित ठाउँमा जान पर्याप्त समय मिलेन । एकैचोटी ठूलो बाढी आयो । त्यस क्रममा नेपालतर्फ रहेको बाढी मापन केन्द्र पनि बगायो । केन्द्र बगेपछि बाढीको पानी कति ठूलो थियो भन्ने मापन गर्न सकिएन तर जिल्ला प्रशासनबाट आएको सूचनाका आधारमा हामीले पाँच मिनेटभित्रै एसएमएस सूचना जारी गर्‍यौं ।

रसुवाको उत्तरी क्षेत्रदेखि चितवनसम्म चारवटा क्षेत्रमा विभाजन गरेर-माथिल्लोतटीय, मध्यतटीय, तल्लोतटीय र धेरै तल्लो तटीय क्षेत्र-एसएमएस सूचना जारी गर्‍यौं । सबैलाई सुरक्षित रहन, सुरक्षित ठाउँमा जान र ठूलो बाढी आएको जानकारी दियौं । त्यसले पनि मानिसको ज्यान जोगाउन महत्त्वपूर्ण भूमिका खेल्यो । महाप्रलयजस्तो बाढी आउँदै छ भनेर हामीले स्पष्टरूपमा भन्न सक्ने अवस्था किन भएन भने हाम्रो बाढी मापन केन्द्र नै बगेको थियो । केन्द्र बगेपछि बाढीको आकार कति ठूलो छ भन्ने थाहा पाउन सकिएन । त्यसकारण कतिपय मानिसले 'बाढी त सधैं आउँछ, प्रत्येक वर्ष आउँछ, यस वर्ष पनि बाढी आयो' भन्ने रूपमा लिए । त्यसैले कतिपयले घर छाडेर सुरक्षित ठाउँमा जाने अवस्था पनि बनेन । यसले ठूलो विपत्ति निम्त्यायो ।

जलवायु परिवर्तनको प्रभावलाई पनि राखेर हेर्दा यो जोखिम अहिले भोटेकोशी र रसुवामा आएको जोखिममामात्र सीमित छैन । नेपालका तीन-चारवटा ठूला जलाधार अर्को देशसँग जोडिएका छन् । अर्को देशसँग जोडिएको जलाधारको माथिल्लो क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी हामीले पाएनौं भने त्यहाँ हुने गतिविधिको असर तल्लोतटीय क्षेत्रमा पर्न सक्छ । त्यो गतिविधि जलवायु परिवर्तनसँग सम्बन्धित होस् वा हिमाल अर्थात् हिममण्डलीय पारिस्थितिक प्रणालीमा आएको परिवर्तन होस्, त्यसको जानकारी नपाएसम्म तल्लोतटीय क्षेत्रमा हामीले समयमै थाहा पाउन सक्दैनौं ।

**नेपाल र चीनबीच विपद्सम्बन्धी पूर्वसूचना तथा तथ्यांक आदानप्रदानमा समन्वयको कमी देखिएको हो ?**

हामीले पहिलेदेखि नै भन्दै आएको सीमापार पूर्वसूचना प्रणाली, दुई देशबीचको पूर्वसूचना प्रणाली वा बहुदेशीय पूर्वसूचना प्रणाली आवश्यक छ । अहिले समग्र विपद् सूचना सम्प्रेषण र आदानप्रदानमा कमजोरी देखिएको हो । चीनले पनि थाहा पायो कि पाएन भन्ने कुरा अहिले स्पष्ट छैन । सायद उसलाई पनि थाहा नहुन सक्छ । त्यहाँ पनि त्यस्तो प्रणाली नभएको हुन सक्छ । त्यसैले चीनबाट सूचना आयो वा आएन भन्नेभन्दा पनि आगामी दिनमा त्यस्तो प्रणाली बनाउनुपर्ने रहेछ भन्ने कुरा महत्त्वपूर्ण हो । माथिल्लोतटीय क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी देशको सीमा नहेरी प्रवाह गर्न सक्ने हो भने यसले मानिसको ज्यान जोगाउन ठूलो भूमिका खेल्न सक्छ । त्यसैले पूर्वसूचना प्रणाली सबैका लागि आवश्यक छ । हिममण्डलीय पारिस्थितिक प्रणालीमा कस्तो परिवर्तन आएको छ भन्ने जान्न जरुरी छ । त्यसलाई समग्रमा हामी विपद् जोखिमको ज्ञान भन्छौं ।

पूर्वसूचना प्रणालीका चारवटा मुख्य आधारमध्ये पहिलो आधार भनेको विपद् जोखिमको ज्ञान हो । कुनै निश्चित ठाउँमा कस्तो खालको विपद् जोखिम छ र कतिबेला त्यसले विपत्तिको रूप लिनसक्छ भन्ने जानकारी हामीसँग हुनुपर्छ । दोस्रो भनेको त्यसको निगरानी हो । निगरानीका लागि मौसम मापन तथा जलविज्ञान प्रणालीको निगरानी गर्ने मौसमसम्बन्धी र जलसम्बन्धी निकाय हुन्छन् । नेपालमा पनि त्यस्ता निकाय छन् । उहाँहरूले निगरानी गर्ने र कतिबेला जोखिम बढ्छ, कतिबेला त्यसले क्षति गर्न सक्छ भन्ने जानकारी दिने हो । त्यसपछि सूचना प्रवाह र सञ्चारको कुरा आउँछ । सूचना आइसकेपछि त्यसलाई कसरी प्रवाह गर्ने ? तल्लोतटीय क्षेत्रमा कसरी पुर्‍याउने ? भोटेकोशीकै जलाधारको कुरा गर्दा पनि यो पाँचवटा जिल्लासम्म जोडिएको रहेछ । ती पाँचवटा जिल्लामा कसरी सूचना पुर्‍याउने र स्थानीय अवस्थाअनुसार कसरी सूचना दिने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

**बाढीपछि अहिले अर्को चुनौती जनस्वास्थ्यको देखिएको छ । कतिपय शव लामो समयसम्म पहिचान तथा व्यवस्थापन हुन नसक्दा कुहिने अवस्था छ । यसबाट पानी तथा वातावरण प्रदूषित हुनुका साथै सङ्क्रामक रोग फैलिने जोखिम पनि हुन सक्छ । यस्तो अवस्थामा प्रभावित क्षेत्रमा जनस्वास्थ्यको जोखिम न्यूनीकरण गर्न सरकारको तयारी र व्यवस्थापन के छ ?**

त्यसमा काम भइरहेको छ । स्वास्थ्यको विषयमा स्वास्थ्य टोलीले काम गरिरहेको छ । सरसफाइका लागि आवश्यक औषधि छर्किने कामदेखि शव व्यवस्थापनसम्मका कार्य भइरहेका छन् । स्वास्थ्य मन्त्रालयले यसको नेतृत्व गरिरहेको छ । स्वास्थ्य मन्त्रालय त्यसमा काम गरिरहेको छ । खाद्य तथा अन्य वातावरणीय विषयमा सम्बन्धित मन्त्रालयहरूले काम गरिरहेका छन् । सडक खोल्ने काममा पूर्वाधार मन्त्रालयले काम गरिरहेको छ । यसरी सबै मन्त्रालयले आ-आफ्नो क्षेत्रबाट काम गरिरहेका छन् ।

**भोटेकोशी बाढीले सिकाएको मुख्य पाठ के हो ?**

अहिले भोटेकोशीमा भएको घटना महाकालीमा पनि हुन सक्छ, कर्णालीमा पनि हुन सक्छ र कोशीमा पनि हुन सक्छ भन्ने यस घटनाले देखाएको छ । त्यसैले आगामी दिनमा यस्ता महाविपत्ति नहोस् भनेर हामीले सूचनाको अहिलेको अवस्थाबाट ठूलो फड्को मार्नुपर्ने र अझ उन्नत बनाउनुपर्ने आवश्यकता छ । सञ्चारको पक्षलाई पनि बलियो बनाउनुपर्छ । वास्तविक समयमा कस्तो परिवर्तन भइरहेको छ भन्ने थाहा पाउने प्रणाली बलियो बनाउन आवश्यक छ । त्यसका लागि संस्थागत विकास, प्रदेश सरकारको भूमिका, स्थानीय सरकारको भूमिका, वडा तहका विपद् व्यवस्थापन समितिको भूमिका र केन्द्रमा मौसमसम्बन्धी निकाय, जलसम्बन्धी निकाय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिका महत्त्वपूर्ण हुन्छ ।

**नेपालले लामो समयदेखि जलवायुजन्य हानि–नोक्सानी र जलवायु न्यायका विषयमा आवाज उठाउँदै आउनुभएको छ । भोटेकोशी बाढीपछि पुनःस्थापना र पुनर्निर्माणका लागि ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ । यस्तो अवस्थामा नेपालले थप ऋणको भार नबोकी अनुदानमा आधारित जलवायु वित्त तथा हानि–नोक्सानीसम्बन्धी अन्तर र्राष्ट्रिय कोषबाट पर्याप्त सहयोग ल्याउन अब के–कस्तो पहल गर्नुपर्छ ?**

हामीले धेरैजसो अनुदानलाई नै प्राथमिकता दिने र अनुदान नै लिने हिसाबले काम गरिरहेका छौं । अहिलेको हानि-नोक्सानीका लागि अन्तर्राष्ट्रिय कोषबाट पनि नेपाललाई सहयोग आउने प्रतिबद्धता भएको छ । त्यसका लागि हाम्रो काम भइरहेको छ र प्रस्ताव पनि पठाएका छौं । धेरै दातृ निकायले पनि सहयोग गर्ने प्रतिबद्धता जनाइरहेका छन् । सबै सहयोग अनुदानका रूपमा प्राप्त गर्ने गरी हामीले काम गरिरहेका छौं । केही समयपछि नेपाल सरकारले दातृ समुदायसँग कसरी छलफल गर्ने भन्ने योजना पनि बनाउँदै छ ।

**विद्युत् र सञ्चार सेवा धेरै ठाउँमा पुनःस्थापित भइसके पनि बाढीका कारण सडक र पुलमा ठूलो क्षति हुँदा अझै धेरै ठाउँ सडक सञ्जालबाट विच्छेद भएका छन् । प्रभावित क्षेत्रलाई सडक सञ्जालमा जोड्न सरकारको तत्कालीन योजना के छ ?**

नेपाली सेनासँग भएका बेलीब्रिजहरू पनि तुरुन्तै त्यहाँ लगाएर जडान गर्ने विषयमा हामीले छलफल सुरु गरेका छौं । युएई सरकारले पनि बेलीब्रिज सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । भारत सरकारबाट पनि त्यस्तै प्रतिबद्धता आएको छ । त्यसैले अस्थायी पुलका रूपमा बेलीब्रिजहरू तुरुन्तै जडान गर्ने योजना छ । अबको केही दिनमै त्यसको नतिजा देखिनेछ ।




**बेवारिसे शवको स्मृतिमा गमला** | रसुवाको भोटेकोशी बाढीपछि खोजी तथा उद्धारका क्रममा भेटिएर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएका १०२ शवमध्ये सनाखत हुन नसकेका ७६ शव मंगलबार पोखरा–१६ लामाचौरस्थित जौवारीको वन क्षेत्रमा अस्थायी व्यवस्थापन गरेपछि स्मृतिस्वरूप गमला राखिँदै । *तस्बिर: रासस*

# बाढीप्रभावित महिला तथा किशोरीलाई ‘डिग्निटी कीट’ वितरण

**काठमाडौं–** विनाशकारी बाढीबाट विस्थापित भएका महिला तथा किशोरीको स्वास्थ्य सुरक्षालाई विशेष ख्याला राख्दै उनीहरूलाई आवश्यक स्वास्थ्य सेवा, ‘डिग्निटी कीट’, मनोसामाजिक परामर्शलगायत सेवा प्रभावित क्षेत्रमा प्रदान गर्न थालिएको छ ।




यही भदौ १० गते बिहान भोटेकोशीसहित त्रिशूली नदीमा आएको अकल्पनीय बाढीमा बच्न सफल भएका उनीहरूलाई संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए)को सहकार्यमा नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकले आवश्यक पर्ने सामग्री वितरण जारी राखेका छन् ।

आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य परियोजनामार्फत घरबारसहित आफन्तजन गुमाएर पीडामा रहेका महिलाहरूलाई मर्यादा सामग्री (डिग्निटी कीट), किशोरीहरूलाई ‘किशोरी कीट’ सहित तालपोलियन वितरण जारी रहेको छ । साथै प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर सेवा (हेल्थ क्याप) सञ्चालन गरेर उनीहरूको स्वास्थ्य रक्षा गर्न लागिएको छ । हालसम्म दुई हजार ‘डिग्निटी कीट’, ४०० ‘किशोरी कीट’ र तीन हजार तारपोलियन वितरण भइसकेको यहाँस्थित ‘युएनएफपिए’ले जनाएको छ । स्वास्थ्य शिविर सेवा अत्यावश्यक स्वास्थ्य सेवासहित मनोसामाजिक परामर्श, यौन तथा प्रजनन स्वास्थ्य सेवा जारी छ ।

नुवाकोटका विभिन्न अस्थायी आश्रयस्थलमा आश्रित भएका महिला तथा किशोरीका दैनिक आवश्यकतालाई ध्यानमा राख्दै ती सेवा जारी रहेको ‘युएनएफपिए’ उल्लेख गरेको छ । अस्थायी आश्रयस्थल-ककनी/किस्पाङ क्षेत्र, त्रिभुवन मावि, विदुर, बट्टार तामाङ प्लाजा र सामुदायिक बहुउद्देश्यीय भवन विदुरलगायतका स्थानमा रहेका प्रभावित महिला तथा किशोरीहरूलाई ‘डिग्निटी कीट’ उपलब्ध गराइएको र धादिङ र रसुवाका प्रभावित महिला तथा किशोरीहरूका लागिसमेत ‘डिग्निटी कीट’ वितरण गर्ने तयारी भइरहेको नेपाल रेडक्रसले जनाएको छ । *रासस*

# रोजगारीले रसुवा पुऱ्यायो, भोटेकोशीले घर फर्कन दिएन

■ बसन्त भण्डारी


सविन रानामगर



उद्धव खड्का


सुमन गोले

**हेटौंडा–** ‘भरे कुरा गरौंला ।’ गत बुधबार बिहान करिब ६:०० बजे रसुवाबाट श्रीमती रविनासँग फोनमा कुरा गर्दा सविन रानामगरले यति भनेर फोन राखेका थिए । काम सुरु हुन लागेको थियो । यता रविना पाँच वर्षीया छोरीलाई विद्यालय पठाउने तयारीमा थिइन् ।

त्यसको केही समयपछि रसुवाको भोटेकोशीमा भीषण बाढी आयो । बाढीको खबर पाएपछि रविनाले श्रीमान्लाई फोन गरिन् । फोन उठेन । पटक-पटक प्रयास गर्दा पनि सम्पर्क हुन सकेन । बिहान ‘भरे कुरा गरौंला’ भनेर छुट्टिएको त्यो संवाद नै उनीहरूबीचको अन्तिम बन्न पुग्यो ।

मकवानपुरको भीमफेदी गाउँपालिका-२ का सविन विगत चार वर्षदेखि रसुवाको जलविद्युत् आयोजनामा सवारी चालकका रूपमा कार्यरत थिए । एक महिनाको बिदा लिएर घर आएका उनी केही दिनमै कम्पनीले बोलाएको भन्दै भदौ ७ गते आइतबार काममा फर्किएका थिए ।

सविनकी ठूलीआमा नानीमाया रानाका अनुसार आइतबार घरबाट हिँडेका उनी काठमाडौं बसेर मंगलबारमात्रै रसुवा पुगेका थिए । बुधबारदेखि काम सुरु भएको थियो । ‘घर आउँदा एक महिनाका लागि बिदा लिएर आएको भन्थ्यो । पाँच/छ दिन हुनेबित्तिकै कम्पनीले बोलायो भनेर काममा फर्किएको थियो,’ उनले भनिन्, ‘मंगलबारमात्रै रसुवा पुगेको थियो रे । त्यही बाढी आउने दिनबाट काम सुरु भएको थियो रे । एकैछिनमा सबै सकियो ।’

सम्पर्क टुटेपछि परिवार सुरुका दुई दिन कुनै सुखद खबर आउने आशामा बस्यो । त्यसपछि सविनको खोजीमा आफन्त अस्पताल र शव राखिएका स्थानसम्म पुग्न थाले । अन्ततः सोमबार नवलपरासीमा फेला परेको एउटा शवसँग परिवारको खोजी टुंगियो । शवको अवस्था बिग्रिएकाले अनुहारबाट पहिचान गर्न कठिन थियो । परिवारका लागि सविनलाई चिनाउने आधार बन्यो उनको बायाँ हातमा रहेको टच्याटु ।

भीमफेदी गाउँपालिका-२ का वडाध्यक्ष काशीराम बज्युले हातमा रहेको टच्याटुका आधारमा परिवारले सविनको शव पहिचान गरेको जानकारी दिए । सविनका बुबा १४-१५ वर्षदेखि वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा छन् । परिवारमा आमा, भाइ, श्रीमती रविना र पाँच वर्षीया छोरी छन् ।

सविनको परिवार फोन आउने आशामा बसिरहँदा हेटौंडा उपमहानगरपालिका-५ ढुंगेधारामा अर्को परिवार पनि उस्तै बेचैनीमा थियो । दुई वर्षदेखि चिलिमे जलविद्युत् आयोजनामा टिपर चालकका रूपमा कार्यरत उद्धव खड्काले पत्नी निरू र छोरी निमिसालाई पनि आफूसँगै रसुवा लगेका थिए । छोरीलाई विद्यालय जान सहज होस् भनेर विद्यालय नजिकै कोठा भाडामा लिएर परिवारलाई राखेका थिए ।

भदौ १० गते बिहान भोटेकोशीको बाढीका दृश्य सामाजिक सञ्जालमा फैलिन थालेपछि हेटौंडामा रहेका उद्धवका आफन्तले फोन गर्न थाले । उद्धवको फोन लागेन । पत्नी निरूको नम्बरमा पनि सम्पर्क हुन सकेन । केही समयका लागि तीनै जना बेखबर भए । भदौ ११ गते हेटौंडा उपमहानगरपालिकाको टोली उनीहरूसहित सम्पर्कविहीन नागरिकको खोजीका लागि रसुवातर्फ निस्कियो ।

सडक अवरुद्ध भएकाले टोली काठमाडौंमै रोकियो । काठमाडौंका विभिन्न अस्पतालमा खोजी गर्दा उनीहरूबारे जानकारी नभेटिएपछि भदौ १२ गते टोली नुवाकोट पुग्यो । त्यहाँ नेपाल प्रहरीले हेलिकप्टरमार्फत उद्धार गरेकाहरूको सूचीमा दुई नाम भेटिए । निरू खड्का र निमिसा खड्का । आमा-छोरी जीवित थिए । उनीहरूको उद्धारपछि हेटौंडा ल्याउने व्यवस्था मिलाइयो । निरू र निमिसा जीवित भेटिएपछि उद्धव पनि कतै उद्धार भएर सुरक्षित स्थानमा होलान् भन्ने परिवारको आशा थपिएको थियो तर उद्धवको नाम कुनै उद्धार सूचीमा भेटिएन । परिवारका सदस्य अस्पतालदेखि सम्भावित स्थानसम्म खोज्दै हिँडे । अन्ततः भदौ १२ गते नवलपरासीमा उनको शव फेला पऱ्यो ।

हेटौंडा-५ का वडाध्यक्ष सुशील घिमिरेका अनुसार कामको व्यस्तताका कारण उद्धव सातामा एक दिनजतिमात्रै परिवारसँग बस्न कोठामा आउने गर्थे । बाढी आउँदा उनी काममा थिए । कोठामा रहेका निरू र निमिसाले भने बाढी आएको थाहा पाएपछि अरूसँगै भागेर ज्यान जोगाएका थिए । ‘उद्धव शनिबार कोठामा आएर आइतबार काममा गएका रहेछन् । छोरीलाई स्कुल पठाउन सहज होस् भनेर स्कुल नजिकै कोठा भाडामा लिएर परिवारलाई राखेका रहेछन्,’ वडाध्यक्ष घिमिरेले भने, ‘त्यो दिन बिहान एक्कासि बाढी आयो । श्रीमती र छोरी भने कोठामै भएकाले भागेर ज्यान जोगाउन सफल भएछन् ।’ निरू र निमिसा जीवितै हेटौंडा फर्किए । उद्धव भने फर्किनन् ।

सविन चार वर्षदेखि र उद्धव दुई वर्षदेखि रसुवामा काम गरिरहेका थिए । हेटौंडा उपमहानगरपालिका-१५ भोर्लेका २६ वर्षीय सुमन गोलेलाई भने राम्रो आम्दानीको आशाले दुई महिनाअघि मात्रै रसुवा पुऱ्याएको थियो । त्यसअघि हेटौंडा-१५ मा रहेको रिद्धिसिद्धि सिमेन्ट उद्योगमा अपरेटरका रूपमा कार्यरत सुमन रसुवामा हाइड्रोपावरको स्काभेटर चालकका रूपमा काम गर्थे ।

बाढी आएको बिहान उनी रातिको काम सकेर फर्किएका थिए । बिहान करिब ६:०० बजे श्रीमती रेविकासँग फोनमा कुरा गरे । रातभर काम गरेकाले निद्रा लागेको र अहिले सुत्ने तथा दिउँसो फेरि फोन गर्ने बताएका थिए । सुमनकी छिमेकी निर्मला घलानका अनुसार त्यो फोनपछि श्रीमतीसँग उनको फेरि कुरा हुन पाएन । ‘राम्रो तलब हुन्छ भनेर दुई महिनाअघि मात्रै उता काममा गएको थियो,’ वडाध्यक्ष घिमिरेले भने, ‘नाइट डच्युटी सकेर बिहान श्रीमतीसँग कुरा गरेको रहेछ । रातभरिको निद्रा छ, अहिले सुत्छु, दिउँसो फोन गरौंला भनेको थियो रे । बिहानै बाढीले बगाएछ ।’

बाढीको खबर पाएपछि परिवारले सुमनलाई पटक-पटक फोन गरेको थियो । सम्पर्क हुन सकेन । निर्मलाका अनुसार सुमनका साथीहरूबाट परिवारले पाएको जानकारीमा बाढी आउँदा उनी सुतिरहेका थिए । साथीहरूले उठेर भाग्न आग्रह गरे पनि समयमै बाहिर निस्कन नसकेको जानकारी परिवारले पाएको उनले बताइन् । परिवारको प्रतीक्षा अन्ततः सुखद रहेन । सुमनको शव पनि नवलपरासीमा फेला पऱ्यो । उनको परिवारमा श्रीमती, चार वर्षीय छोरा र भाइ छन् ।

सविन, उद्धव र सुमनका घर फरक थिए । रसुवा पुगेको समय फरक थियो । जिम्मेवारी पनि फरक थिए । तर तीनै जनालाई घरबाट टाढा पुऱ्याउने कारण एउटै थियो, रोजगारी । त्यही रोजगारीले तीनै जनालाई रसुवाका जलविद्युत् आयोजनासँग जोडेको थियो । बाढी आउनुअघिसम्म तीनै जनाको परिवारसँग सम्पर्क थियो । सविनले श्रीमतीलाई ‘भरे कुरा गरौंला’ भनेका थिए । सुमनले रातिको कामपछि अहिले सुत्ने र दिउँसो फोन गर्ने बताएका थिए । उद्धवको पनि परिवारसँग अघिल्लो दिनसम्म कुराकानी भइरहेको थियो । त्यसपछि फोनहरू लाग्न छाडे ।

परिवारले सुरुमा फोनको प्रतीक्षा गरे । त्यसपछि उद्धार गरिएकाहरूको सूचीमा नाम खोजे । अस्पताल पुगे । शव राखिएका स्थानसम्म आफ्ना मान्छेको खोजी गर्दै हिँडे । उद्धवको परिवारले निरू र निमिसालाई जीवित भेटेपछि उनी पनि फर्किने आशा राखेको थियो । सविनको परिवारले भने अन्ततः अनुहारबाट समेत चिन्न नसकिएको शवलाई हातको टच्याटुबाट पहिचान गर्नुपऱ्यो ।

रोजगारीका लागि घर छाड्दा तीनै जनासँग घर फर्किने योजना थियो । सविन केही दिनअघि मात्रै बिदा छोटयाएर काममा फर्किएका थिए । सुमन दुई महिनाअघि राम्रो कमाइको आशामा रसुवा पुगेका थिए । उद्धवले पत्नी र छोरीलाईसमेत आफूसँग राखेर त्यहीँ परिवारको भविष्य बनाउने प्रयास गरेका थिए । भोटेकोशीको एक बिहानले ती योजना अधुरै छाडिदियो । फेरि फोन गर्ने भनेर छुट्टिएका सविन र सुमनको फोन आएन । उद्धवलाई पर्खिरहेकी पत्नी र छोरी आफैं बाढीबाट जोगिएर फर्किए, उनी फर्किएनन् । रोजगारीका लागि घरबाट निस्किएका तीनै जनाको खोजी अन्ततः घर फर्किने बाटोमा होइन, शव पहिचान गर्ने ठाउँमा पुगेर टुंगियो । *रासस*


**कुवेतमा रोजगार** — कम्पनी : SEVEN ICONS GENERAL TRADING COMPANY FOR FOODSTUFFS

पूर्व स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 347407 | चलानी नं. ६०२६०५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/waitress | 25 | 15 | 120 | ५९,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 15 | 15 | 150 | ७३,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं.१७५१/०८१/०८२
Kathmandu Metropolitan City- 9, Kathmandu, Bagmati Province, Nepal , Tel No.: 01-5929466
Email: Shukranrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

**युएइमा रोजगार** — कम्पनी : MADINAT ALKARAM BUILDING MAINTENANCE S.P.S - L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347341 | चलानी नं. ६०२६०५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 24 | 0 | 1000 | ४१,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: Center Point Hotel, बिर्तामोड-१, झापामा मिति: २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ । सम्पर्क : ९७०५९०२७७९
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २७ गते (12th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**मलेसियामा रोजगार** — कम्पनी : SOLIDARITY BUILDING MAINTENANCE AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 330156 | चलानी नं. ६०२४३९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 24 | 0 | 1000 | ४१,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**कतारमा रोजगार** — कम्पनी : MUDHAM CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 347401 | चलानी नं. ६०२६०५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (GENERAL) | 10 | 10 | 1000 | ४१६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८

**युएइमा रोजगार** — कम्पनी : FOCUS GOLD TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 329607 | चलानी नं. ६०२४३४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 2 | 0 | 1500 | ६२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | 1500 | ६२,१०५ | | | | | | | |
| 3. | Cleaner General | 6 | 0 | 1000 | ४१,४०० | | | | | | | |
| 4. | Asst. Building Painter | 6 | 0 | 1200 | ४९,६८० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com

**कतारमा रोजगार** — कम्पनी : NEW ALAHAD FACILITTY MANAGEMENT AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 347387 | चलानी नं. ६०२६०५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 3 | 0 | 1500 | ६२३८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Hospital | 2 | 2 | 1000 | ४१५८९ | | | | | | | |
| 3. | Gen Plumber | 3 | 0 | 1200 | ४९९०७ | | | | | | | |
| 4. | Labourer Road Main | 3 | 0 | 1000 | ४१५८९ | | | | | | | |
| 5. | Labourer, Road Construction | 5 | 0 | 1000 | ४१५८९ | | | | | | | |
| 6. | Messenger | 0 | 2 | 1800 | ७४८६० | | | | | | | |
| 7. | Office Worker | 0 | 2 | 1800 | ७४८६० | | | | | | | |
| 8. | Rock Breaker | 3 | 0 | 1000 | ४१५८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १००००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281, Pramod : +977 981-8121112
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

# प्रभाव दैनिक





### बलिउड अभिनेता सोनु सुद नेपालमा

बलिउड अभिनेता सोनु सुद नेपाल आएका छन् । गत भदौ १० गते नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित भएका नागरिकहरूलाई राहत सामग्री लिएर उनी मङ्गलबार काठमाडौं आइपुगेका हुन् । विनाशकारी बाढीबाट नेपाल प्रभावित भएको समाचार सार्वजनिक भएलगतै उनले सामाजिक सञ्जालमा लेखेका थिए, 'नेपाल, तिमी एक्लो छैनौं । हामी खाना, आश्रय र पुनर्निर्माणका लागि आवश्यक शक्ति बोकेर आउँदै छौं ।'




बुधबार, १७ भदौ २०८३ (Wednesday, 02 September 2026)


# विजय र पूजाको मुख्य भूमिकामा सुरु भयो 'रत्यौली'को छायांकन




**काठमाडौं (प्रस)**– मुस्कान ढकालको लेखन तथा निर्देशनमा तयार हुन लागेको फिल्म 'रत्यौली'को छायांकन सुरु भएको छ । पशुपति क्षेत्रमा पूजा गर्दै फिल्मको छायांकन सुरु गरिएको हो ।

२ दिनसम्म काठमाडौंमा फिल्म खिचेर यसको टिम दोलखाको जिरी प्रस्थान गर्नेछ । जिरीमा एक महिना फिल्मको छायांकन हुने निर्माणपक्षले जानकारी दिएको छ । नाइटेंगल इन्टरटेनमेन्ट प्रा.लि र पूजा शर्मा प्रोडक्सनको संयुक्त व्यानरमा निर्माण हुने फिल्ममा विजय बराल, पूजा शर्मा, लक्ष्मी बर्देवा, अर्जुन देवसन, सम्रान्त थापा, निर्भिक भण्डारी, अल्बिन श्रेष्ठ, कायरा कार्की, सुनिल तामाङ, माया थामी, सन्ध्या नेपाल, संगीता थापा मगर, सानू पाण्डेय, एभोन राज उप्रेती, कल्पना थापा लगायतका कलाकारहरूको अभिनय रहनेछ । नायिका पूजा शर्माको प्रस्तुतिमा तयार हुन लागेको फिल्मका निर्माता सुरज आचार्य हुन् । हरि हुमागाँई र उत्तम हुमागाँइको डीओपी रहने फिल्मका मुख्य सहायक निर्देशक सुनिल निउरे हुन् ।

दीपेन्द्र गौतम 'माइकल' प्रोडक्सन म्यानेजर रहेको फिल्ममा अर्जुन पोखरेल र सुरेश अधिकारीको संगीत रहनेछ ।

नेपाली समाज, सम्बन्ध र संस्कृतिलाई मुख्य केन्द्रमा राखेर तयार हुन लागेको यो फिल्म फागुनको २१ गतेबाट रिलिज गरिने घोषणा निर्माणपक्षले गरिसकेको छ ।

# कन्दराको कन्सर्टमार्फत प्रधानमन्त्री राहत कोषमा २१ लाख प्रदान




■ **प्रभाव संवाददाता**

**काठमाडौं** – कन्दरा ब्यान्डले कन्सर्टमार्फत बाढी पीडितका २१ लाख नेपाली रूपैयाँ प्रधानमन्त्री राहत कोषमा हस्तान्तरण गरेको छ । कन्दराको आह्वान र अग्रसरतामा बिएनएमको आयोजना तथा एटलान्टा, अमेरिकामा रहेका नेपाली दर्शक, संघ-संस्था, व्यवसायी, कलाकार, शुभेच्छुक तथा समुदायको सहभागितामा सम्पन्न कार्यक्रममा रकम संकलन गरिएको हो ।

एटलान्टास्थित नाफारहित संस्था नेपलिज एसोसिएसन अफ जर्जियाको बैंक खाताबाट प्रधानमन्त्री राहत कोषमा हस्तान्तरण गरिएको कन्दराले आफ्नो सामाजिक सञ्जालबाट जानकारी गराएको हो । २१ लाख रूपैयाँको सहयोग विपद् प्रभावित नेपाली दाजुभाइ तथा दिदीबहिनीको राहत, उद्धार र पुनर्स्थापन लागि समर्पित गरिएको कन्दराले जनाएको छ ।

कन्दराका गायक तथा संस्थापक विवेक श्रेष्ठले देश दुखिरहेको बेला गीत गाउन सजिलो नभए पनि संगीतलाई पीडामा मल्हम लगाउने माध्यम बनाउन सकिन्छ भन्ने विश्वासका साथ कार्यक्रम अघि बढाइएको समेत बताए ।

'संकटको यस घडीमा हामीले संगीतलाई मनोरञ्जनबाट सेवातर्फ मोड्ने निर्णय गर्‍यौं । एटलान्टाका नेपाली दाजुभाइ-दिदीबहिनीले देखाउनुभएको एकता, माया र सहयोगले यो सम्भव भयो' गायक श्रेष्ठले भने ।

गत ७ अगस्टदेखि आगामी ३० सेप्टेम्बरसम्म दुई महिना लामो अमेरिकाको टुरमा रहेको कन्दराले बोस्टन सहरबाट कन्सर्ट सुरु गरेको थियो । 'रिदम अफ चेन्ज' नाम दिइएको सांगीतिक टुरलाई निरन्तरता दिँदै ब्यान्डले एटलान्टापछिका बाँकी दुई सहर भर्जिनिया र कोलोराडोमा प्रस्तुति दिनेछ । यी दुवै प्रस्तुतिमा ब्यान्डले भोटेकोशी-त्रिशूलीको विनाशकारी बाढी प्रभावित परिवार तथा समुदायप्रति ऐक्यबद्धता जनाउने बताइएको छ ।

# 'बा: एक योद्धा' को प्रदर्शन स्थगित

## राहत कोषमा दुई लाख एक हजार सहयोग

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– चलचित्र 'बा : एक योद्धा' को प्रदर्शन स्थगित गरिएको छ । भदौ १९ भदौदेखि देशभर प्रदर्शन हुन लागेको फिल्मको हाललाई प्रदर्शन स्थगित गरिएको हो ।

प्राकृतिक विपत्तिका कारण पुगेको अकल्पनीय जनधनको क्षतिप्रति ऐक्यबद्धता जनाउँदै निर्माण कम्पनी आर्टिस्टिक इन्टरटेन्मेन्टका तर्फबाट निर्माता वसन्त लम्सालले एक प्रेस विज्ञप्ति जारी गर्दै प्रदर्शन मिति हेरफेर भएको जानकारी दिएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'देशको एउटा भूगोल अकल्पनीय प्रलयमा परी हाम्रा बुवा-आमा, दाजुभाइ-दिदीबहिनीहरूले आर्तनाद गरिरहेको अवस्थामा एउटा सामाजिक र पारिवारिक कथावस्तु बोकेको चलचित्र प्रदर्शन गर्न हामीले उपयुक्त ठानेनौं ।'

चलचित्रको नयाँ प्रदर्शन मिति आगामी मंसिर २४ गते बिहीबारलाई तोकिएको छ । प्रदर्शन मिति सरेका कारण दर्शक, वितरक, प्रदर्शक तथा सञ्चारकर्मीहरूमा पर्न गएको असुविधाप्रति निर्माण पक्षले क्षमा समेत मागेको छ ।

त्यस्तै निर्माण युनिटले फिल्मको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख १ हजार रूपैयाँ आर्थिक सहयोग जम्मा गरेको छ ।

आर्टिस्टिक इन्टरटेन्मेन्टले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै देश-विदेशमा रहेका सम्पूर्ण नेपालीहरूलाई आ-आफ्नो तर्फबाट राहत र उद्धार कार्यमा सहयोग गर्न समेत अपिल गरेको छ ।

## रंगशाला

# एभरेस्ट महिला भलिबल लिगको तेस्रो संस्करण तत्कालका लागि स्थगित

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– रसुवा बाढी र पहिरोबाट सिर्जित विनाशकारी विपद् र मानवीय संकटका कारण आगामी असोज तेस्रो साताका लागि तय भएको एभरेष्ट महिला भलिबल लिग(इडब्लुभिएल) सिजन ३ तत्कालका लागि स्थगित भएको छ । आयोजक इन्फिनिटी ड्रिम्स प्रा.लि.ले मंगलबार विज्ञप्ति जारी गर्दै देशका जनताले क्षति, विस्थापन र अत्याधिक कष्ट जस्ता कठिनाई भोगिरहेकाले प्रतियोगिता स्थगन गर्नुपरेको जानकारी गराएको हो ।

'एभरेष्ट महिला भलिबल लिगले जनता, समुदाय, सामाजिक सहिष्णुता र नेपालको भावनालाई प्रतिनिधित्व गर्छ । रसुवा बाढीबाट प्रभावित, शोकसन्तप्त नेपालीहरूसँग ऐक्वयबद्ध भइ उभिनुलाई हामी आफ्नो जिम्मेवारी मान्दछौं,' विज्ञप्तिमा भनिएको छ ।



इडब्लुभिएलको तेस्रो संस्करण असोज १५ देखि २४ सम्म राजधानीस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप)को कभर्ड हलमा सञ्चालन हुने तय थियो । आयोजक इन्फिनिटी ड्रिम्सले तीन साताअघि मात्र खेलको मिति सार्वजनिक गरेको थियो ।

आयोजकले परिस्थिति सामान्य भएपछि उपयुक्त समयमा लिगको नयाँ मिति सार्वजनिक गर्ने जनाएको छ ।

## ताप्लेजुङ गोल्डकप

# सलहेश युवा क्लब फाइनलमा प्रवेश

**ताप्लेजुङ (प्रस)**– साबिक विजेता सलहेश युवा क्लब, सिराहा ताप्लेजुङ गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । यहाँ जारी अन्तरराष्ट्रिय आमन्त्रण चौथो ताप्लेजुङ गोल्डकपअन्तर्गत मंगलबार भएको सेमिफाइनलको पहिलो खेलमा भारतको जर्जियन युनाइटेड फुटबल क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै सिराहा फाइनलमा प्रवेश गरेको हो । उपाधि नजिक पुगेको सिराहा साबिकको विजेता समूह हो ।

फाइनल प्रवेशका लागि दोस्रो हाफमा निशकुमार श्रेष्ठ र फागुराम थारूले गोल गरेका थिए । सलहेशले सातदोबाटो एफसीलाई ट्राइब्रेकरमा ४-३ गोलले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो । यता जर्जियन युनाइटेडले ताप्लेजुङ-११ लाई २-१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो ।

सेमिफाइनलको अन्तिम खेल बुधबार फिदिम स्पोर्टिङ क्लब र झापा-११ बीच दिउँसो २:०० बजेपछि हुँदैछ । लाखेजात्रा पर्वको अवसरमा लाखेजात्रा सञ्चालन समितिले आयोजना गरेको प्रतियोगिता भदौ १९ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिता सदरमुकाम फुङलिङस्थित भानुजन माध्यमिक विद्यालयको खेल मैदानमा भइरहेको छ ।

आयोजक समितिका कोषाध्यक्ष दावा शेर्पाका अनुसार प्रतियोगिताको विजेताले रु सात लाख दुई हजार ८३ र उपविजेताले रु तीन लाख ५२ हजार ८३ नगद पुरस्कारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई विभिन्न विधागत पुरस्कारसमेत प्रदान गरिनेछ ।

**कोशी प्रदेश सरकार**

**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुर

**कोशी प्रदेश, नेपाल**

## बोलपत्र रद्द तथा पुन : आह्वानको जरुरी सूचना

**प्रकाशित मितिः– २०८३/०५/१७**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुरबाट मिति २०८३/०५/०४ गते पशुपन्छी खोप कार्यक्रमका लागि आवश्यक लजिष्टिक सामग्रीहरु आपूर्तिका लागि विद्युतिय खरिद प्रणाली (e-GP System) मार्फत पेश गर्ने गरी आह्वान गरिएको बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) केसरमहल, काठमाडौंको प.सं. सू.प्र.- 083/84, च.नं. MIT/182, मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल सञ्चालनमा रहेको e-GP System मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकोले प्रणालीको मर्मत सम्भार र सुधार कार्य भईरहेको हुँदा अर्को सूचना जारी नभएसम्म प्रणाली प्रयोग स्थगन गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडी बढाउन सूचना जारी भए बमोजिम उक्त बोलपत्र रद्द गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडी बढाउन पुनः बोलपत्र आह्वान गरिन्छ ।

**बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने सर्तहरू**

क) इच्छुक बोलपत्रदाताहरूले बोलपत्र दस्तुर बापतको रकम तोकिएको बैंक खातामा जम्मा गरि सोको सक्कल भौचर र आवश्यक कागजात पेश गरे पश्चात यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुरबाट बोलपत्र कागजात (Bid Document) प्राप्त गर्न सकिनेछ ।

ख) प्राप्त बोलपत्र कागजात तोकिएको ढाँचामा पूर्ण रूपमा भरी खाममा राखि सिलबन्दी साथ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुरमा पेश गर्नु पर्नेछ ।

ग) बोलपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति र समयः मिति २०८३/०६/०६ गते कार्यालय समयसम्म खरिद गरि २०८३/०६/०७ गते दिउँसो १२:०० बजेसम्म यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुरमा पेश गरि सक्नुपर्नेछ ।

घ) बोलपत्र खोलिने मिति, समय र स्थानः मिति २०८३/०६/०७ गते दिउँसो १:०० बजे भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुरमा ।

ङ) यहाँ उल्लेख नभएका विवरणका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

**ठेक्का तथा बैंक खाता सम्बन्धी विवरण**

| क्र.सं. | ठेक्का नम्बर | बोलपत्र कागजात दस्तुर | बोलपत्र जमानत | बैंक खाता सम्बन्धी विवरण | कै. |
|---|---|---|---|---|---|
| १ | 01/VHLSEC/UDP/G/NCB/083/84 | ३०००।०० | ७५,००।०० | कार्यालयको नामः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुर<br>कार्यालय कोड नं. 3120211011<br>खाता नं. 1000100201010001,<br>राजश्व शिर्षकः 14229 | |

बोलपत्र सम्बन्धी अन्य जानकारी कार्यालय वा कार्यालयको वेवसाईट vhlsudayapur.koshi.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

# मध्यपूर्वको बढ्दो तनावले तेल बजार र सेयर बजार प्रभावित



**बैंकक–** इरानसँगको द्वन्द्वमा एक महिनाभन्दा बढी समयसम्म उल्लेखनीय भीडन्त नभए पनि पुनः हिंसा भड्किएपछि भविष्यलाई लिएर अनिश्चितता बढेको छ । यसको प्रभाव विश्वबजारमा परेको छ । मंगलबार तेलको मूल्य करिब दुई प्रतिशतले बढ्दा विश्वभरका सेयर बजारमा गिरावट आएको छ ।

अनलाइन ‘फास्ट फेसन’ खुद्रा बिक्रेता ‘शिन’को सेयर मंगलबार हङकङमा कारोबार सुरु भएलगत्तै १० प्रतिशतसम्म घटेको थियो । कारोबार बन्द हुँदा यसको मूल्य चार प्रतिशतले घटेको थियो ।

ब्रेन्ट कच्चा तेलको मूल्य दुई प्रतिशतले बढेर प्रतिब्यारेल ९२.३५ अमेरिकी डलर पुगेको छ । आइतबार अमेरिकाले इरानी टापुमा रहेका रकेट प्रक्षेपण केन्द्रमा आक्रमण गरेपछि सोमबार पनि तेलको मूल्य २.७ प्रतिशतले बढेको थियो । अमेरिकाले ती प्रक्षेपण केन्द्रबाट ‘स्ट्रेट अफ हर्मुज’मा समुद्री सुरुङ बम (माइन) बिछ्याउने तयारी भइरहेको दाबी गरेको थियो ।

त्यसको जवाफमा इरानले जोर्डनस्थित अमेरिकी अखडामा क्षेप्यास्त्र प्रहार गरेको थियो । ती क्षेप्यास्त्रलाई बीचमै रोकिएको जनाइएको छ ।

द्वन्द्वका कारण ‘स्ट्रेट अफ हर्मुज’ हुँदै हुने आवागमन सीमित भएको छ । विश्वको कूल तेल ढुवानीको करिब २० प्रतिशत यही मार्ग हुँदै हुने गरेको छ । द्वन्द्व सुरु भएयता तेलको मूल्य उच्च रहँदा पेट्रोलियम पदार्थदेखि ढुवानी गरिने सामानसम्मको मूल्य बढेको छ । अमेरिकी बेन्चमार्क कच्चा तेलको मूल्य दुई.पाँच प्रतिशतले बढेर प्रतिब्यारेल ८७.८४ डलर पुगेको छ ।

युरोपेली बजारको प्रारम्भिक कारोबारमा जर्मनीको डयाक्स सूचकांक १.१ प्रतिशतले घटेर २५,९८२.२८ मा झरेको छ । पेरिसको क्याक ४० सूचकांक ०.४ प्रतिशतले घटेर ८,३०३.६५ मा सीमित भएको छ । बेलायतको एफटिएसई १०० सूचकांक पनि १.१ प्रतिशतले घटेर १०,७०२.२५ मा आएको छ ।

एसियाली सेयर बजारमा हङकङको हाङ सेङ सूचकांक ०.९ प्रतिशतले घटेर २५,३२९.७३ मा झरेको छ भने सांघाई कम्पोजिट सूचकांक ०.२ प्रतिशतले घटेर ३,९७९.८९ मा सीमित भएको छ ।

टोकियोको निक्केई २२५ सूचकांकले सुरुवाती वृद्धि गुमाउँदै ६६,२१५.३४ मा झरेको छ । दक्षिण कोरियाको कोस्पी सूचकांक भने ०.२ प्रतिशतले बढेर ६,८३५.८० पुगेको छ । अस्ट्रेलियाको एसएण्डपी/एएसएक्स २०० सूचकांक ०.१ प्रतिशतले घटेर ९,०६६.७० मा आएको छ ।

यसबीच ऊर्जा क्षेत्रका कम्पनीको सेयर मूल्य भने बढेको थियो । एक्सन मोबिलको सेयर २.७ प्रतिशत र सेभ्रोनको २.१ प्रतिशतले बढेको थियो । ऊर्जाको मूल्यवृद्धिले यसअघि नै उच्च रहेको मुद्रास्फीतिमा थप दबाब सिर्जना गरेको छ । मुद्रास्फीति अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भको दुई प्रतिशतको लक्ष्यभन्दा अझै माथि छ ।

ऊर्जाको मूल्यवृद्धिले घरायसी खर्च र उपभोक्ता विश्वासमा दबाब बढाउनुका साथै फेडरल रिजर्भको ब्याजदर नीतिसम्बन्धी निर्णयलाई थप जटिल बनाएको छ ।

फेडरल रिजर्भको आगामी कदमबारे लगानीकर्ताको अपेक्षालाई नजिकबाट प्रतिविम्बित गर्ने दुई वर्षे ट्रेजरी बण्डको प्रतिफल सोमबार ४.३४ प्रतिशतमा स्थिर रह्यो । यो शुक्रबारको अन्त्यमा पनि सोहीस्तरमा थियो । सन् २०२६ को सुरुवातमा भने उक्त प्रतिफल करिब ३.५० प्रतिशत थियो । *रासस/एपी*



बाढीबाट प्रभावित दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रको ग्यारोङ काउन्टीमा रहेको सडक आपत्कालीन मर्मत गरिँदै । *तस्बिरः सिन्ह्वा*

# गाजामा मानवीय संकटप्रति राष्ट्रसंघको चिन्ता

**संयुक्त राष्ट्रसंघ–** गाजामा जारी इजरायली हवाई तथा सैन्य आक्रमण र वेस्ट बैंकमा हिंसाप्रति संयुक्त राष्ट्रसंघका मानवीय अधिकारीहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले सप्ताहन्तमा भएका इजरायली हवाई आक्रमण तथा अन्य सैन्य कारबाहीका कारण सर्वसाधारण प्रभावित भएको भन्दै चिन्ता जनाएको हो । ओसिएचएका अनुसार पछिल्ला आक्रमणमा एक बालकसमेत मारिएको र देर अल-बालाहस्थित अल-अक्सा अस्पताल परिसरमा रहेका केही सामग्रीमासमेत क्षति पुगेको रिपोर्ट प्राप्त भएको छ ।

‘सर्वसाधारण र अस्पतालजस्ता नागरिक संरचनाको सधैं संरक्षण हुनुपर्छ । उनीहरूमाथि आक्रमण गर्नु वा सैन्य प्रयोजनका लागि प्रयोग गर्नु हुँदैन,’ ओसिएचएले भनेको छ । यसैबीच, आगामी वर्षायामलाई ध्यानमा राख्दै गाजामा बाढीको जोखिम न्यूनीकरण गर्न मानवीय साझेदारहरूले तयारी अघि बढाइरहेका छन् । गाजाका नगरपालिकाहरूले सयौं स्थानमा बाढीको जोखिम पहिचान गरी आवश्यकताहरूको नक्सांकन गरेको ओसिएचएले जनाएको छ ।

बाढीको जोखिम कम गर्न नाला सफा गर्ने, भग्नावशेष तथा फोहोर हटाउने, जमिन सम्याउने, पानी तान्ने पम्प तयारी अवस्थामा राख्ने र आवश्यक उपकरण अग्रिमरूपमा भण्डारण गर्ने काम आवश्यक रहेको बताइएको छ ।

तर, पर्याप्त बजेटको अभाव, गाजामा प्रवेश गर्ने राहत सामग्रीको स्वीकृति र परिमाणमा लगाइएको सीमितता तथा इञ्जिन तेल, स्पेयर पार्ट्स र भारी मेसिनरीको अभावका कारण तयारीका काम प्रभावित भइरहेका छन् । गाजाको अधिकांश भूभाग अझै पहुँचबाहिर रहेकाले राहत तथा तयारीका प्रयास थप चुनौतीपूर्ण बनेका छन्। बाढीको जोखिम कम भएका र विस्थापितहरूका लागि पाल स्थापना गर्न सकिने क्षेत्रसमेत ठूलो हिस्सामा पहुँच निषेध गरिएको ओसिएचएले जनाएको छ ।

यता, वेस्ट बैंकमा पनि हिंसाका घटना सप्ताहन्तमा जारी रहे। मानवीय साझेदारहरूका अनुसार विभिन्न क्षेत्रमा चोरी, आगजनी, तोडफोड, आक्रमण तथा झडपका घटनामा मानिसहरू घाइते हुनुका साथै सम्पत्तिमा क्षति पुगेको छ । रामल्लाहको अल-मुघयिचर क्षेत्रमा इजरायली सुरक्षाकर्मीको साथमा आएका व्यक्तिहरूले लगातार तीन दिन आक्रमण गरेको रिपोर्ट आएको छ । *रासस/सिन्ह्वा*


## Kummayak Rural Municipality
## Office Of Rural Municipal Executive
Yasok, Panchthar

Koshi Province, Nepal

### Invitation for Bids

**Date of publication: 2083-05-17**

1. The Kummayak Rural Municipality office invites hard copy bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Bid security Amount (Nrs.) | Estimated Amount (Nrs.) exluding VAT and contingency. | Bid Fee Rs. | Bank Detailed |
|---|---|---|---|---|---|
| 2083/084/ KRM-NCB-01 | Kabilale tamrakhu hattipokhari tamor corridor sadak staronnati kramagat yojna. | 4,70,000 | 1,56,71,400.92 | 3000.00 | Rajash or Bid fee: Khata name : GA 1.1 KUMMAYAK GA.PA. AANTARIK RAJASHO KHATA Khata Number: 16901400000130 For Dharauti GA 3.1 KUMMAYAK GA.PA. DHARAUTI KHATA 16901400000055 |
| 2083/084/ KRM-NCB-02 | Phickal auliya mathillo phakchuwa chauthi bazar sadak kalopatre | 3,83,000 | 1,27,83,382.78 | 3000.00 | |
| 2083-84/ KRM-NCB-03 | Chauthi bazar purbadhar nirman | 2,11,000 | 70,46,220.52 | 3000.00 | |
| 2083/084/ KRM-NCB-04 | Yashok madan Aasharit piplebote bhulke sadak staronanti | 1,53,000 | 51,03,560.94 | 3000.00 | |

2. Eligible bidder's may be obtained further information on bidding documents at the office of Kummayak Rural Municipality Yasok, panchthar.
3. Complete set of Bidding documents may be purchased from the office of Kummayak Rural Municipality panchthar. and the office of Kummayak Rural Municipality by eligible Bidders on the submission of a written application along with the copy of company/ firm registration certificates, Tax Clearance 2081/082 or Extension letter, business registration, business renewal copy and upon payment of non-refundable bid documents fee till 2083-Ashoj -06, 5 PM.
4. Sealed must be submitted to the office Kummayak Rural Municipality Panchthar by hand 12 PM on 2083 Ashoj 07. Bids receive after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidder's representatives who close to attend 1:00 PM on 2083-06-07 at the office of Kummayak Rural Municipality . bid must be valid for 90 days from the bid submission deadline and must be accompanied by the bid security which shall be valid for 30 days beyond the validity of the bid.

**Chief Administrative officer**



**साउदीमा रोजगार** कम्पनी : AHMED ALI BIN HUSSEIN AL-HARBI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347395 | चलानी नं. ६०२६०५८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1400 | ५६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ भदौ २४ गते (9th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FAST EMPLOYMENT SERVICE (P) LTD**
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha 9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np


Govt. License 1399/074/75



## धितोमा रहेको अचल सम्पत्ति गोप्य शिलबन्दी मार्फत लिलाम विक्रिको १५ दिने अत्यन्त जरुरी सूचना

**दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३/०५/१७**

यस क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.को तपशिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्ति सुरक्षण बापत धितो राखी उपभोग गरेको कर्जाको यस संस्थाको नियमानुसार तिर्न बुझाउनु पर्ने किस्ता, साँवा, व्याज, हर्जाना तथा दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत उक्त ऋण नतिरि नबुझाई संस्था सँग ऋण लिंदा गरेका शर्त बन्देजहरु उलंघन गर्नु भएको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम र प्रचलित कानुन बमोजिम उक्त ऋण असुलीको लागि यस सहकारी संस्थाले कर्जा सुरक्षण बापत धितो बन्धक रोक्का राखेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिलाम विक्रि गरि सहकारीले आफ्नो लेना रकम असुल उपर गरि लिन सो धितो लिलाम विक्रि गर्ने सम्बन्धि अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९।०९।११ गते ३५ दिने धितो लिलाम बिक्री सम्बन्धि सार्वजनिक सुचना प्रकाशित गरिएकोमा उल्लेखित समय भित्र कहि कतै बाट बोलपत्र नपरेकोले पुनः १५ दिने यो धितो बिक्री सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र तपशिलको सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरिलिन ईच्छुक संघ,सस्था, फर्म, कम्पनि तथा सर्बसाधारण महानुभाबहरुले यो सुचना प्रकाशित भएको १५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौ । लिलाम बिक्रीमा सुरक्षण बापतको सम्पति कसैले नसकारेमा वा रितपुर्वक बोलपत्र नपरेमा सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण बापतको सम्पति सहकारी आफैले सकार गरि लिने ब्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम विक्रि गर्दा वा संस्था आफैले सकार गर्दा विगतमा मुल्यांकन गरेको भन्दा कम मूल्यमा लिलाम भयो वा संस्थाले सकार गरि लियो वा दियो भनी कहिं कतै कुनै प्रकारको उजुर बाजुर गर्न पाईने छैन । यदी ऋणीले दिएको धितोबाट समेत यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी नियमावली २०७५ को नियम ३२ बमोजिम ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट समेत संस्थाको बाँकी लेना रकम असुल उपर गर्न तथा कानुनी कारवाही समेत अगाडि वढाईने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

| ऋणीको विवरण | ऋणीको फोटो | धितो सुरक्षणको विवरण | जमानीकर्ताहरुको विवरण | जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| **ऋणीः दिल माया बल**<br>ससुरा : हरि बहादुर बल<br>श्रीमान : बलराम बल<br>ना.प्र.न : २२२ |  | मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स/न.पा वडा नं. ८, कित्ता नं. १३१३ र ७५७ को क्षेत्रफल २०८२.५७ र ७,८५६.४४ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | **नाम : बलराम बल**<br>बाजे : कृष्ण बहादुर बल<br>बुबा : हरि बहादुर बल<br>स्थायी ठेगानाः मकवानपुर, जिल्ला, पदमपोखरी न.पा., वडा नं. ८<br>ना.प्र.न २६१<br>**दिनेश बल**<br>स्थायी ठेगानाः मकवानपुर, जिल्ला, पदमपोखरी न.पा., वडा नं. ८<br>बुबा : बलराम बल<br>बाजे : हरि बहादुर बल<br>ना.प्र.न १७/१२९६५<br>**रमेश बल**<br>स्थायी ठेगानाः मकवानपुर, जिल्ला, पदमपोखरी न.पा., वडा नं. ८<br>बुबा : बलराम बल<br>बाजे : हरि बहादुर बल<br>ना.प्र.न २८/१३२२ | <br><br> |

**लिलामका शर्तहरू**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १०% ले हुने रकम नगदै धरौटी बापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझी नलिएमा धरौटी बापत रहेको रकम स्वतः जफत हुनेछ ।
३. धितो लिने गरि स्वीकृत बोल कवोल वालाले सो धितो दाखा हुँदा लाग्ने सरकारी दस्तुर स्वयमले व्यहोर्नु पर्नेछ ।
४. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पती दिने वा नदिने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
५. लिलाम बिक्रीहुने धितो (घरजग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यलय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
६. प्राप्त बोपत्रहरु सूचना प्रकाशित भएको १६ औ दिनको ३:०० बजे खोलिनेछ । सो दिन सरकारी बिदा परेमा त्यसको लगतै सहकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च ऋणी स्वयमले नै व्यहोर्नु पर्नेछ ।

**क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.**
ललितपुर म.न.पा. वडा नं ५ , ललितपुर, फोन नं ९७४७८००८३७ ईमेल : capitalsaving1@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०६१०० | प्रति तोला – ० | प्रति तोला – ४७६५ |

कर्पोरेट

## बाढीप्रभावितका लागि बुटवल पावर कम्पनीद्वारा ५१ लाख सहयोग



**काठमाडौं (प्रस)–** बुटवल पावर कम्पनी लिमिटेड (बीपीसी) र यससँग आबद्ध ग्रुप कम्पनीहरू तथा बीपीसी कर्मचारीहरूको तर्फबाट रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको सहयोगका लागि ५१ लाख ४१ हजार ९ सय ८६ रूपैयाँ आर्थिक सहयोग प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा हस्तान्तरण गरेको हो ।

गत भदौ १० गते आएको बाढीले जनधनको ठूलो क्षति पुर्‍याएपछि सरकारले गरिरहेको खोज, उद्धार तथा राहतको प्रयासमा ऐक्यबद्धता जनाउँदै कम्पनीले उक्त रकमको चेक इप्पान मार्फत मंगलबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री बिराज भक्त श्रेष्ठलाई हस्तान्तरण गरेको हो । यस विषम परिस्थितिमा निजी क्षेत्रको तर्फबाट मानवीय सेवाका लागि यो सहयोग उपलब्ध गराइएको हो ।

यस सामूहिक सहयोग रकममा बुटवल पावर कम्पनी र यसका कर्मचारीहरूको तर्फबाट मात्रै ३३ लाख ३६ हजार ९ सय ८६ रूपैयाँ सङ्कलन गरिएको छ, जसमा कम्पनीको २२ लाख र व्यवस्थापन तथा कर्मचारीहरूको ११ लाख ३६ हजार ९ सय ८६ रूपैयाँ योगदान रहेको छ । त्यसैगरी, समूह अन्तर्गतको न्यादी हाइड्रो पावर लिमिटेडले ५ लाख ५० हजार, हिमाल पावर लिमिटेडले ५ लाख, हाइड्रो कन्सल्ट इन्जिनियरिङ लिमिटेडले ५ लाख ५ हजार र खुदी हाइड्रो पावर लिमिटेडले २ लाख ५० हजार रूपैयाँ सहयोग गरेका छन् । बाढीका कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली र शोक सन्तप्त परिवारमा समवेदना प्रकट गर्दै कम्पनीले बेपत्ता नागरिकहरूको शीघ्र सुरक्षित सम्पर्कको कामना समेत गरेको छ ।

## कन्टिनेन्टल ट्रेडिङबाट रसुवा बाढीपीडितका लागि २५ लाख सहयोग



**काठमाडौं (प्रस)–** रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रा.लि.ले २५ लाख रूपैयाँ सहयोग गरेको छ ।

कम्पनीका अध्यक्ष सुहृद् घिमिरे, कार्यकारी उपाध्यक्ष रेखा घिमिरे तथा निर्देशक अदिती घिमिरेसहितको टोलीले अर्थ मन्त्रालय पुगेर माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेलाई २५ लाख रूपैयाँको चेक हस्तान्तरण गरेको हो । हालै रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढी तथा पहिरोका कारण रसुवासहित नुवाकोट, धादिङलगायत आसपासका क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। बाढी तथा पहिरोका कारण घर, सम्पत्ति तथा भौतिक पूर्वाधारमा क्षति पुगेको छ भने प्रभावित परिवारलाई तत्काल राहत, उद्धार तथा पुनर्स्थापनाको आवश्यकता देखिएको छ ।

विपद्को यस कठिन घडीमा पीडित नागरिकको दुःखमा साथ दिन तथा सरकारको राहत र उद्धार अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले कम्पनीले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गरेको हो । चेक हस्तान्तरणका क्रममा कन्टिनेन्टल ट्रेडिङका प्रतिनिधिहरूले बाढी तथा पहिरोमा परी ज्यान गुमाएका सम्पूर्ण नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन्। साथै, विपद्मा परी घाइते भएका सम्पूर्ण नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

प्राकृतिक विपद्को समयमा पीडित परिवारको दुःखमा साथ दिनु तथा राहत र उद्धार कार्यमा सहयोग गर्नु निजी क्षेत्रको सामाजिक उत्तरदायित्वसमेत भएको कम्पनीले जनाएको छ ।

'विपद्को समयमा पीडित नागरिकको साथमा उभिनु हाम्रो मानवीय तथा सामाजिक दायित्व हो। राज्य र समाजलाई आवश्यक परेको समयमा निजी क्षेत्रले आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोग गर्नुपर्छ भन्ने हाम्रो विश्वास छ,' कम्पनीका प्रतिनिधिले भने ।

## सिटी एक्सप्रेस ग्रुपद्वारा बाढीपीडितलाई एक करोड ११ लाख सहयोग

**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस ग्रुपले रसुवाको भोटेकोशी बाढी प्रभावितको खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा १ करोड ११ लाख रकम जम्मा गरेको छ । प्राकृतिक विपद्का कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन लगायतका जिल्लामा मानवीय तथा भौतिक क्षति र नागरिकको दैनिक जीवन प्रभावित छेत्र र समुदायको सहयोगको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत कोषमा रकम जम्मा गरिएको हो ।

कम्पनीले विपद्को कठिन घडीमा विदेशमा रहेका नेपालीले आफ्ना परिवारलाई सहज, छिटो र पूर्ण रकमसहित आर्थिक सहयोग पठाउन सकून भन्ने उद्देश्यले विश्वका विभिन्न मुलुकबाट नेपाल पैसा पठाउँदा लाग्ने सेवा शुल्क पूर्ण रूपमा मिनाहा गर्ने निर्णय बाढी आएको दिनदेखि नै लागु गरेको पछिल्लो विज्ञप्तिमा उल्लेख छ ।



विनाशकारी बाढीमा परी ज्यान गुमाएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै यस संवेदनशील समयमा उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा अहोरात्र खटिनुभएका सुरक्षाकर्मी, स्वयंसेवक, स्थानीय समुदाय तथा सम्बन्धित निकायहरूप्रति हार्दिक कृतज्ञता समेत व्यक्त गरेको छ ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत २० वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ ।

## नेसनल लाइफ इन्स्योरेन्सद्वारा एक करोड ५१ लाख सहयोग



**काठमाडौं (प्रस)** -नेशनल लाईफ इन्स्योरेनस कं. लि.ले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग प्रदान गरेको छ ।

गत भाद्र १० गते भोटेकोशी र त्रिशुली नदिमा आएको गेग्रान सहितको भिषण बाढिबाट धनजनको क्षति भएकोमा पुनर्निर्माण, आर्थिक पुनरुत्थान तथा राहत लगायत कार्यको लागि कम्पनीले उक्त कोषमा रु.१ करोड ५१ लाख रकमको आर्थिक सहयोग गरेको छ । उक्त रकम बराबरको चेक कम्पनीका अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंह र प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले एक विशेष कार्यक्रममा अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका छन् । उक्त अप्रत्यासित घटनामा भएको जनधनको क्षतिले यस कम्पनी परिवारलाई अत्यन्त दु:खी बनाएको छ र उद्धार कार्यमा जुट्न कम्पनीका सम्बन्धित कर्मचारीहरू एवं अभिकर्ताहरू सबैमा अनुरोध गरेको छ ।

## सिटिजन लाइफ इन्स्योरेन्सद्वारा एक करोड ५१ लाख सहयोग



**काठमाडौं (प्रस)–** सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले रसुवा बाढी पीडितका लागि एक करोड ५१ लाख रूपैयाँ सहयोग प्रदान गरेको छ । कम्पनीले चीनको तिब्बत क्षेत्रबाट आएको आकस्मिक बाढी तथा प्राकृतिक विपद्का कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा भएको मानवीय तथा भौतिक क्षतिप्रति सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले दुःख व्यक्त गरेको छ ।

कम्पनीले विपद्का कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। साथै, सम्पर्कविहीन रहेका व्यक्तिहरू सकुशल भेटिन सकून् भन्ने कामना गर्दै उनीहरूका परिवारप्रति सहानुभूति व्यक्त गरेको छ। विपद्बाट प्रभावित परिवारको उद्धार, राहत, पुनर्स्थापना तथा मानवीय सहयोगका लागि सिटिजन लाइफले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गरेको हो । कम्पनीका अनुसार उक्त सहयोग रकममा सिटिजन लिडर्सहरूको तर्फबाट रु. १८ लाख ६७ हजार र कर्मचारीहरूको तर्फबाट रु. २१ लाख ३३ हजार योगदान रहेको छ ।

सहयोग रकम सिटिजन लाइफ इन्स्योरेन्सका अध्यक्ष प्रदीप जङ्ग पाण्डे, प्रमुख कार्यकारी अधिकृत पोषक राज पौडेल तथा नायब प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव दिप बहादुर बि.सी.ले नेपाल सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन् ।

## नाडामा यामाहा एक्सआर १५५को भव्य डेब्यु, ४२८ बुकिङ

**काठमाडौं (प्रस)–** नेपालमा यामाहा दुईपाङ्गे सवारी साधनको आधिकारिक वितरक एमएडब्लु राइड्स प्रा.लि.ले बहुप्रतीक्षित यामाहा एक्सआर १५५लाई १८औँ नाडा अटो शो - गोल्डेन जुब्ली संस्करण २०२६ मा औपचारिक रूपमा अनावरण गरेको छ । "बर्न टु स्ट्यान्ड अपार्ट" भन्ने अभियान सन्देश र "बिल्ट अन लेगेसी, ड्रिभन बाइ पर्फर्मेन्स" भन्ने उत्पादन दर्शनका साथ सार्वजनिक गरिएको एक्सआर १५५ले मेलामा दर्शक तथा मोटरसाइकलप्रेमीबाट उत्साहजनक प्रतिक्रिया पाएको छ । छ दिनसम्म चलेको नाडा अटो शो अवधिमा एक्सआर १५५ ४२८ वटा बुकिङ भएका छन् ।

यामाहाले नाडा २०२६ मा 'बेस्ट स्टल अवार्ड' समेत जितेको छ । नवीन अवधारणा, आकर्षक प्रस्तुति र आगन्तुकलाई प्रदान गरिएको उत्कृष्ट अनुभवका लागि यामाहाको स्टललाई यो सम्मान प्रदान गरिएको हो । यामाहाको स्टलमा एक्सआर १५५को विशिष्ट रेट्रो-आधुनिक डिजाइनलाई विशेष रूपमा प्रस्तुत गरिएको थियो । क्लासिक टियरड्रप फ्युल ट्याङ्क, गोलाकार एलईडी हेडलाइट, आकर्षक डिजाइन र सडकमा छुट्टै पहिचान बनाउने उपस्थितिले आगन्तुकको ध्यान खिचेको थियो ।




मोटरसाइकल सार्वजनिक गर्ने कार्यक्रममा बोल्दै एमएडब्लु ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक विष्णु कुमार अग्रवालले पुस्तौँदेखि यामाहाले राइडरहरूसँग कायम राख्दै आएको भावनात्मक सम्बन्धबारे चर्चा गरेका थिए ।

## मातृभूमि लघुवित्तद्वारा बाढीपीडितलाई पाँच लाख राहत प्रदान

मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड
MatriBhumi Laghubitta Bittiya Sanstha Ltd.

**काठमाडौं (प्रस)** – मातृभूमि लघुवित्तले रसुवाको भोटेकोशी बाढी पीडितलाई ५ लाख रूपैयाँ सहयोग प्रदान गरेको छ। कम्पनीले भोटेकोशी नदीमा आएको विनासकारी बाढीबाट सृजित प्राकृतिक प्रकोपले रसुवा लगायत आसपासका जिल्लाहरूमा मानवीय तथा भौतिक संरचनामा ठुलो क्षति हुन गएको जनाउँदै दुःख व्यक्त गरेको छ।

संस्थाले नेपाल सरकार तथा विभिन्न संघ-संस्थाहरूले गरेको सार्थक पहल प्रति ऐक्यवद्धता जनाउँदै यस वित्तीय संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख रूपैयाँ मात्र) सहयोग प्रदान गरेको व्यहोरा जानकारी गराईन्छ।

यस प्राकृतिक प्रकोपका कारण सम्पर्क विहिन हुनुभएका सर्वसाधारण, बैंक तथा वित्तीय संस्था लगायत विभिन्न संघ-संस्थामा कार्यरत कर्मचारी र उनीहरूका परिवारजनले व्यहोर्नु परेको पिडाप्रति यस वित्तीय संस्था गहिरो सहानुभूति प्रकट समेत गरेको छ।

## बाढीप्रभावितको राहतका लागि रिलायबल नेपाल लाइफको ५१ लाख सहयोग




**काठमाडौं (प्रस)–** रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले रसुवा लगायत देशका विभिन्न स्थानमा आएको बाढीबा प्रभावित व्यक्तिलाई राहत होस भन्ने उद्देश्यले सहयोग गरेको छ । कम्पनीले नेपाल सरकारको राहत तथा पुनर्निर्माण कार्यमा ऐक्यबद्धता जनाउँदै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५१ लाख रूपैयाँ सहयोग गरेको हो । उक्त रकम कम्पनीका सीइओ तथा डिसीईओले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन् । साथै, कम्पनीले उक्त स्थानमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेको छ । कम्पनीले दिवङ्गत आत्माप्रति श्रद्धासुमन तथा घाइते सबैको सिघ्र स्वाथ्यलाभको कामना समेत गरेको छ ।

## बाढीपीडितका लागि नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको चार करोड सहयोग

**काठमाडौं (प्रस)–** नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले भोटेकोशी बाढीपीडितका लागि ४ करोड १ लाख रूपैयाँ आर्थिक सहयोग गरेको छ । रसुवाको भोटेकोशी नदीमा हालै आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गरेको हो ।

बैंकले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । त्यस्तै, बाढीपछि हालसम्म सम्पर्कविहीन रहेका व्यक्तिहरूको सकुशल उद्धार तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको बैंकले जनाएको छ ।

## बाढीप्रभावितका लागि इप्पानले दियो १३ करोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) मा आबद्ध ऊर्जा उद्यमीहरूले भोटेकोशी नदीमा आएको बाढी प्रभावितहरूको उद्धार, राहत र पुनःनिर्माणको लागि १३ करोड एक रकम बराबरको चेक हस्तान्तरण गरेका छन् ।

इप्पानमा आबद्ध ऊर्जा उद्यमीहरूको तर्फबाट संस्थाका अध्यक्ष मोहनकुमार डाँगीले सिंहदरबारस्थित मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठलाई सो रकम बराबरको चेक हस्तान्तरण गरे ।

ऊर्जा उद्यमीहरूले आआफ्नो तर्फबाट पनि सो रकम हस्तान्तरण गरेका थिए । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जलवायु परिवर्तनको कारणले जलविद्युत् परियोजना भौगोलिक तथा विपद्का समस्या भोग्नुपरेकाले आगामी दिनमा जलवायु परिवर्तनमैत्री संरचना निर्माणमा ध्यान दिनुपर्ने बताए। उनले विपदमा परेको बेला राज्यलाई आर्थिक सहयोग गरेर संकटको घडीमा साथसाथै रहेको भावना विकास गर्न सकेको बताए।

इप्पानका अध्यक्ष डाँगीले ऊर्जा उद्यमीहरू संकटको घडीमा राज्यको विपद् कोषमा आर्थिक सहयोग गरेको बताए । उनले भोटेकोशी नदीमा आएको बाढीपहिरोबाट १३ वटा जलविद्युत् आयोजना प्रभावित भएको बताउँदै पीडितको घाउमा मलम लगाउने प्रयास गरेको बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले ऊर्जा उद्यमीहरू आफै संकटमा परेको बेला आर्थिक सहयोग गरेर सह्रानीय काम गरेको बताइन् । इप्पानका निर्वतमान अध्यक्ष तथा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रीका सल्लाहकार गणेश कार्कीले बाढीले प्रभावित जलविद्युत् आयोजनाको उद्धारको लागि इप्पानको तर्फबाट प्राविधिक सहयोग गर्दै आइरहेको स्मरण गराए ।

राहत कोषमा उक्त रकम जम्मा गर्नेहरूमध्ये मोहनविक्रम कार्की समूहले एक करोड ६५ लाख रूपैंयाँ र हिमप्रसाद पाठक तथा समूहले एक करोड ५१ लाख रूपैंयाँ, पुष्पज्योति ढुङ्गाना तथा समूहले एक करोड सात लाख ७७ हजार ७७५ रूपैंयाँ रकम हस्तान्तरण गरेका छन् ।

बटु लामिछाने तथा गणेश कार्की समूहले ८७ लाख ७७ हजार ७७७ रूपैंयाँ, इशा श्रेष्ठ समूहले ६५ लाख रूपैंयाँ, बुटवल पावर कम्पनी समूह र कम्पनीहरूले ५१ लाख ४१ हजार ९८६ रूपैंयाँ, उत्तमब्लोन लामा तथा समूहले ५१ लाख रूपैंयाँ, माउन्टेन इनर्जी नेपालले ५१ लाख रूपैंयाँ, सुमन कर्माचार्य तथा समूहले ५० लाख रूपैंयाँ र अजयबल्लभ पन्त तथा समूहले ५० लाख रूपैंयाँ आर्थिक सहयोग गरेका छन् ।

त्यसैगरी टिएन आचार्य तथा समूहले २६ लाख रूपैंयाँ, सन्तोषराज नेपाल तथा समूहले २५ लाख २५ हजार रूपैंयाँ, मोहनकुमार डाँगी तथा समूहले २५ लाख रूपैंयाँ, दिनेश गुरुङ तथा समूहले २५ लाख रूपैंयाँ, अनुप आचार्य तथा समूहले २५ लाख रूपैंयाँ, साङग्रिला ऊर्जा लिमिटेड र घलेम्द्री हाइड्रो लिमिटेडले २५ लाख रूपैंयाँ रकम आर्थिक सहयोग गरेका छन् ।

रघुनाथ पुरी तथा समूह (गोरक्ष हाइड्रो) ले २५ लाख रूपैंयाँ सहयोग गरेका छन् । त्यसैगरी उमेश श्रेष्ठ तथा समूहले (कालंगा ग्रुप) ले २० लाख ७० हजार रूपैंयाँ, कदम केसी तथा समूहले २० लाख १० हजार रूपैंयाँ, अभिज्ञा मल्ल तथा समूहले २० लाख १० हजार रूपैंयाँ, भुषण गुरागाई तथा समूहले (न्यादी ग्रुप) ले २० लाख रूपैंयाँ, बिजी ग्रुप तथा हाइड्रो सोलुसनले १५ लाख रूपैंयाँ आर्थिक सहयोग गरेका छन् ।

बलराम खतिवडा तथा समूहले १५ लाख रूपैंयाँ, गोपाल न्यूरे तथा समूह (संयुक्त ऊर्जा र चितवन इनर्जी) ले ११ लाख ११ हजार ११० रूपैंयाँ, सुभास साङ्वाई र श्रीधर न्यौपाने (ग्रिन भेञ्चरर्स) ले ११ लाख रूपैंयाँ, विक्रम विष्ट तथा समूह (इसुवा इनर्जी प्रालि) ले १० लाख ५५५ रूपैंयाँ, बाबुराम थापा (अभियान समूह) ले सात लाख ५१ हजार रूपैंयाँ, नारायण कँडेल तथा समूहले पाँच लाख ५५ हजार ५५५ रूपैंयाँ आर्थिक सहयोग गरेका छन् ।

केशवबहादुर रायमाझी तथा समूहले पाँच लाख ५५ हजार ५५५ रूपैंयाँ, आत्माराम घिमिरे तथा समूह (लिबर्टी इनर्जी) पाँच लाख ५५ हजार ५५५ रूपैंयाँ, अर्जुन गौतम (अपरहेवा) ले पाँच लाख ५५ हजार ५५५ रूपैंयाँ, सोमनाथ कँडेल तथा समूहले पाँच लाख नौ हजार ९९९ रूपैंयाँ रकम आर्थिक सहयोग गरेका छन् ।

कृष्णप्रसाद घिमिरे तथा समूह (विकास हाइड्रो) ले पाँच लाख पाँच हजार ५५५ रूपैंयाँ, प्रकाश दुलाल तथा समूहले पाँच लाख पाँच हजार रूपैंयाँ, सुमन जोशी तथा समूहले पाँच लाख रूपैंयाँ, जगदिश शिवाकोटी तथा समूहले पाँच लाख रूपैंयाँ, मकरीगाड हाइड्रोपावर लिमिटेडले पाँच लाख रूपैंयाँ, दीपक पौडेल (सानीभेरी हाइड्रो) ले पाँच लाख रूपैंयाँ, रिडी पावर तथा समूहले पाँच लाख रूपैंयाँ, नर्थ समिट हाइड्रो लिमिटेडले पाँच लाख रूपैंयाँ र सुपरहेवा पावर कम्पनी लिमिटेडले पाँच लाख रूपैंयाँ आर्थिक सहयोग गरेका छन् ।

अपोलो हाइड्रोपावर लिमिटेडले तीन लाख रूपैंयाँ, भिजन टेस्ला पावर प्रालीले दुई लाख रूपैंयाँ, प्रतिमा ज्ञवाली तथा समूहले एक लाख रूपैंयाँ, भरत खत्री तथा समूहले एक लाख रूपैंयाँ, चिर्खवा हाइड्रोपावर तथा निको इनर्जीले एक लाख रूपैंयाँ र चम्पावती हाइड्रोपावर लिमिटेडले ५० हजार रूपैंयाँ सहयोग गरेका छन् । इप्पान दैवीप्रकोप उद्धार कोषले छ लाख ३२ हजार २३ रूपैंयाँ रकम प्रधानमन्त्री दैविप्रकोप तथा उद्धार कोषमा सहयोग गरेका हुन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्स्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ